वर्ष : १४ | अंक : ९

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

२०८१ चैत | 2025 Mar.-Apr.

राष्ट्रिय मासिक

NRNA
Non-Resident Nepali Association



## एनआरएनएमा
## एकताको खडेरी

## 'रोजगार प्रवर्द्धन दशक'

# स्वदेशमै अवसरको खोजी

मूल्य रु.80/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, यूएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल 0.५/-, बहराइन डिर्डी 0.५/-, यूएस $


GET YOUR
eVISA
Your MALAYSIA
थप जानकारीका लागि
QR SCAN गर्नुहोस्
TRAVEL
THE WORLD
BEST AIRFIRE AND WIDE
VARIETY OF CHOICES
Hello
Travels Pvt. Ltd.
say Hello ! to your destination
Metropark Building, 3rd Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
Ph : +977-01-4519871m +977-01-4521867, +977-01-4005210
Emaol : nepal.osc@gmail.com, evisa@hellotravels.com.np
HARVEST MOON
HARVEST MOON
Travel & Tours Pvt. Ltd.
Harvest Moon Building, Gairidhara, Kathmandu, Nepal
Ph : +977-1-4415562, 4004650, 4415574, 4415526, 4415517
E-mail: info@harvestmoongroup.com, Web: www.harvestmoongroup.com

**HARDIK**
IVF and Fertility Center
Where Miracles Come to Life

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह



- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology

आजै हाम्रो बिशेषज्ञ डाक्टरहरूसंग
नि:शुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस।

01-5971461, 5917982, 9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं


छिटो, सजिलो, विश्वासिलो यस्तो
हातमै पैसा दिए जस्तो
रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम
Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np
PRABHU
Money Transfer
प्रभुको इच्छा

# यसभित्र




८

**आवरण**

## 'रोजगार प्रवर्द्धन दशक' **अवसरको खोजी स्वदेशमै !**

पछिल्लो समय देशमा राम्रा अवसरहरू सिर्जना हुने क्रम बढ्नुका साथै विदेशबाट फर्किने नेपालीको संख्या पनि उत्साहजनक छ। यस अवस्थामा आकर्षक आम्दानीसहितको रोजगारी र सामाजिक सुरक्षाको प्रत्याभूती दिँदै जान सक्ने हो भने युवाहरूको विदेश पलायन त घट्ने थियो नै वैदेशिक रोजगारीमा रहेका धेरै नेपालीहरू स्वदेशमा फर्कने पनि थिए अनि सरकारले घोषणा गरेको रोजगार प्रवर्द्धन दशक सफल हुने थियो।





१३ उद्योग तथा व्यवसायी महासंघको अध्यक्षमा **सापकोटा** निर्वाचित







१९ एनआरएनएमा **एकताको खडेरी**





२५ प्रभु बैंकद्वारा मुक्तिनाथ मन्दिरमा **'भीम युपिआई'** सेवा शुभारम्भ

२८ **चौतारी**

दुई लाखको **भेस्ट**

युवराज नयाँघरे







३० **अनुभूति**

म जन्मेको **किन** ?

शम्भु सुस्केरा





दिपेशको **दिव्य कर्म**

१५ **जनजीवन**

● बिन्दु अधिकारी ढकाल

३२ **मनोरञ्जन**

'मदहोस'ले श्रोताको **गजलको प्यास मेट्ने** आशा छ

**गोविन्द अर्याल 'श्रृंखला'**, गजलकार




## सम्पादकीय

# जलविद्युतबाट समृद्धि सम्भव छ !

*नेपाल प्राकृतिक स्रोत र साधनले भरिपूर्ण छ । यसको अधिकतम उपयोग गर्न सके रोजगारी र समृद्धि प्राप्तीको लक्ष्यमा पुग्न कठिनाई छैन । जलस्रोतमा दोश्रो ठूलो देश नेपालले अपेक्षाकृत फाइदा लिन सकेको छैन । जलविद्युतमा प्रचुर सम्भावना हुँदा हुँदै पनि चाहे जसरी लाभ लिन नसकिरहेको अवस्थामा पछिल्लो समय सरकारले यसप्रति देखाएको चासोका कारण आशाको किरण पैदा हुन थालेको छ ।*

*सरकारले जलविद्युतको प्रचुर संभावनालाई बुझेर अहिले यस क्षेत्रमा सकारात्मक पहल सुरु गरिरहेको छ । उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको जिम्मेवारी संहालेदेखि नै मन्त्री दिपक खड्काले केही परिवर्तनको संकेत दिन थालेका छन् । यसबीचमा जलविद्युतमा आम नेपालीको पहुँच पुऱ्याउनका लागि धेरै नीतिगत सुधार भएका छन् ।*

*सरकारले उर्जा क्षेत्रको तिव्रतर विकासको लक्ष्यसहित आगामी दशकमा यस क्षेत्रमा गरिने कामहरू समेटेर 'उर्जा विकास मार्गचित्र २०८१' नै ल्याएको छ भने गरिबीको रेखा मुनी रहेका जनतालाई उकास्ने गरि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराएर शेयर दिने व्यवस्थासहित जनताको जलविद्युत कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि–२०७५ परिमार्जन गरेको छ ।*

*योसँगै धेरै सकारात्मक कामहरू अहिले भैरहेका छन् । गरिविको रेखामुनी रहेका नागरिकको जिवनस्तर माथि उकास्न सके मात्र मुलुक समृद्धिको बाटोमा अघि बढ्ने हुँदा जलविद्युत क्षेत्रबाट यो सम्भावना पुरा गर्न सकिने देखिन्छ । यसर्थ गरिबलाई जलविद्युतको शेयर दिएर समृद्धिको सपना पुरा गर्ने कार्यक्रम ल्याउने गरी नीति नियम बनाएर छिटो कार्यान्वयनमा जान आवश्यक छ ।*

*सरकार आफ्ना गरिव जनतालाई धनी बनाउन चाहन्छ । पैसा नहुनेलाई मालिक बनाउन चाहन्छ । गरिवीको रेखामुनी रहेका हरेक नेपालीलाई मालिक बनाएर सम्पन्न बनाउने बाटो देखाउन चाहन्छ । अहिले हरेक जलविद्युत आयोजनामा प्रभावित क्षेत्रका व्यक्तिहरूलाई १० प्रतिशत शेयरमा सहभागिताको व्यवस्था भएपनि गरिबीको रेखामुनि रहेका करिब २० प्रतिशत जनता यस अवसरबाट वञ्चित रहेका थिए ।*

*अहिले नेपालमा जनताको जलविद्युत कार्यक्रम अन्तर्गत ३९७६.३ मेगावाटका २२ वटा जलविद्युत आयोजना निर्माण हुन लागेको छ । 'नेपालको पानी, जनताको लगानी, हरेक नेपाली विद्युतको शेयरधनी' नारासहित २०७५ सालबाट सुरु गरिएको यस कार्यक्रम अन्तर्गत स्वदेशी लगानीमै जलविद्युत आयोजना निर्माण गर्ने र हरेक नागरिकलाई जलविद्युत आयोजनाको शेयर दिएर धनी बनाउन सकिन्छ ।*

*सरकारले गरिवलाई मालिक बनाउनका लागि कार्यविधि संशोधन गरेर विना धितो लगानी गर्न सक्ने व्यवस्था ल्याउन लागेकोमा उनीहरूको जीवनस्तर उकास्नका लागि यो नै उपयुक्त विकल्प हो । पछिल्लो समय जलविद्युत आयोजनाको तिव्र विकासमा सरकारले देखाएको चासो, लोडसेडिङ अन्त्यसँगै स्वदेशमै बढेको विद्युत खपतको आकडा र छिमेकी मुलुकमा निर्यातका लागि भएका सहमतिले भोलिका दिनमा लक्ष्य अनुसार काम भएमा उर्जा क्षेत्रले मुलुक समृद्ध बनाउने आधार त खडा गर्छ नै साथमा हरेक नेपाली नागरिकमा शेयर स्वामित्व पुऱ्याउन सके नागरिकको जिवनस्तर पनि उकासिने पक्का छ ।*


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १४ • अंक ९ • २०८१ चैत

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**प्रबन्ध निर्देशक/सम्पादक**
उद्धव भट्टराई

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह–सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४, ९८४०९८५८०१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## संभावना अथाह छ तर **प्रयत्न नै भएन**

प्राकृतिक स्रोत र साधनले भरिपूर्ण हाम्रो देश नेपाल संभावनाको खानीमा संसारकै सबैभन्दा धनी मुलुक हो। ढुंगा छोए पनि देउता बन्ने यहाँ हरेक क्षेत्रमा सम्भावना नै सम्भावना भएपनि त्यसलाई उपयोग गर्ने कुनै प्रयत्न नै हुन सकेको छैन। सरकार ढाल्ने र बनाउने, युवाहरूलाई विदेश पठाउने अनि बैदेशिक सहायता मागेर देश चलाउने भन्दा बाहिर सरकारको ध्यान नै जान नसक्दा विश्वका अरु मुलुकले फड्को मारिरहदा हामी भने जहाँको त्यही छौं।

*- राजन कुइँकेल, बुटवल*

नेताहरू खालि मुलुक समृद्ध बनाउने कुरा मात्र गरिरहन्छन तर काम भने केही गर्दैनन्। हाम्रो देशको जलसम्पदा, जडिबुटी, कृषि तथा पर्यटन क्षेत्रको मात्र सही सदुपयोग गर्न सक्ने हो भने देश समृद्ध मात्र होइन हरेक नागरिक सम्पन्न बन्न सक्ने प्रशस्त आधार छ। अहिले पनि केही वितेको छैन सरकारले बेलैमा यतातर्फ ध्यान दिने हो भने समृद्ध मुलुक बनाउन धेरै समय नै लाग्दैन।

*- गीता खड्का, काठमाडौं*

## हुने बिरुवाको **चिल्लो पात**



सानै उमेरमा पढाइ र कामलाई साथसाथै अघि बढाइरहेका श्रीराम खड्काको जिवन संघर्ष पढदा के भन्न मन लाग्यो भने हुने बिरुवाको चिल्लो पात भनेझै मेहनतमा विश्वास राख्नेहरूले जन्मजात नै त्यो गुण बोकेर आएका हुन्छन्। एकैपटक ठुलो भाग खोज्नेहरूको जिन्दगी खुसी भन्दा बढी आशै आशामा वित्छ तर खड्का जस्तै मेहनती र परिश्रमी बन्ने हो भने सफलता आफै खोज्दै आउनेमा कुनै शंका छैन।

*- हेमन्त बराल, कतार*

## सीपमूलक तालिम केन्द्र देशैभर खुलोस्




जापान जाने कामदारलाई सीपमूलक तालिम दिन 'ग्लोबल स्किल' संस्था संचानमा आएको समाचार पढन पाउदा खुसी लाग्यो। अब जापान जानेलाई तालिम दिन मात्र होइन खाडी मुलुक र मलेसिया जानेलाई पनि दक्ष बनाएर पठाउन तथा देशमै केही गर्छु भन्नेलाई पनि सीप सिकाउन सक्नेगरी देशैभर तालिम केन्द्रहरू खोल्न र संचालनमा ल्याउन सक्नुपर्छ। सरकार र निजी क्षेत्रले यतातर्फ ध्यान दिन सके हुन्थ्यो।

*- दिपक शर्मा, युएई*

## धेरै नेपाली हराएका छन्

गाँउघरबाट विदेश हिडेका धेरै नेपाली युवाहरू युवराज नयाँघरेको लेख 'भुलनको आँसु' लेखमा उल्लेख गरिएझै परिवारको सम्पर्कबाट गुमनाम भएका छन। कोही स्वदेशमै दलालको पन्जामा परेर विदेश जान नसक्दा परिवारलाई कसरी मुख देखाउने भनेर काठमाडौ शहरमै हराइरहेका छन भने कोही विदेशमा कुनै परिबन्दमा परेर परिवारसँग सम्पर्क विहिन भैरहेका छन। भुलनजस्तै परिवारका सदस्य कुरिरहेका धेरै नेपाली परिवारहरू अहिलेपनि गाँउघरमा भेटन सकिन्छ।

*- इन्द्रराज खतिवडा, बिराटनगर*



## गजल



● **प्रेम सुरज**

गल्ती गर्दिन भन्छन मुखले,गरिसकेपछि।
ब्युँईतिन सकिन्न महोदय, मरिसकेपछि।

मुदु टुक्रिन्छ भन्ने थाहा, पाएर के गर्नु अब ?
नपर्नु माया जालमा, परिसकेपछि।

सम्बन्धमा झगडा तब, सुरु हुन्छ जब।
एउटाको मन अर्कोसंग, भरिसकेपछि।

धोका त पहिल्यै भैसकेको रैछ,थाहा भयो अहिले।
आफ्नै मान्छे अन्त बसाईं, सरिसकेपछि।

हर कोहि बाध्य हुन्छ, कुल्चेर अगि बढ्न
शिरको फूल पाउमा, झरिसकेपछि।




# ‘रोजगार प्रवर्द्धन दशक’ अवसरको खोजी स्वदेशमै !

वैदेशिक रोजगारीमा रहेका नेपालीमध्ये करिब ९० प्रतिशत खाडी, मलेशिया, जापान, कोरियालगायतका देशमा छन्, त्यहाँ गएकाहरू निश्चित समयपछि फर्कने हुँदा उनीहरुको ज्ञान, सीप र पूँजी प्रयोग गर्दै स्वरोजगार तथा उद्यमशिल बनाउन र यसका माध्यमबाट आकर्षक रोजगारी सिर्जनाका लागि सरकारले योजना नै बनाएर काम थालिरहेको छ ।

• अर्थ र रोजगार

चालू आवको सात महिना (माघ मसान्तसम्म)मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या २ लाख ७४ हजार ६२२ रहेको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ। यस्तै माघ महिनासम्म ५५ हजार विद्यार्थीले विदेश अध्ययन गर्नका लागि एनओसी लिएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एनओसी शाखाले जनाएको छ।

आर्थिक वर्ष २०८०-८१ मा वैदेशिक रोजगारीमा जानका लागि ४ लाख ६० हजार १०२ जनाले नयाँ श्रम स्वीकृति लिएका थिए भने १ लाख १२ हजार ९ सय ६८ जनाले विदेश अध्ययनका लागि एनओसी लिएका थिए। उच्च शिक्षा अध्ययनका लागि भन्दै पछिल्लो १० वर्षमा ६ लाख ३९ हजार १४८ जना विद्यार्थीले वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) लिएका छन्।

वैदेशिक रोजगारी र अध्ययनका लागि विदेशिने लहरको ग्राफ माथि बढिरहेको छ। यो क्रम निरन्तर चलिरहेको छ। तर, विदेश जानेहरू मात्र होइन फर्कनेहरू पनि बढिरहेका छन तर उनीहरूको कुनै तथ्यांक नहुँदा विदेश जानेहरूको ग्राफ मात्र देखिएको छ।

विशेषगरी मध्यपूर्व तथा एसिया प्यासिफक क्षेत्रमा रोजगारीका लागि गएका नेपालीहरूले आफुले आयआर्जन गरेको रकम स्वदेशमा घरपरिवारलाई पठाउने गरेपनि युरोप, अमेरिका लगायतका देशमा जानेहरूले उतै सेटलमेन्ट हुने मनशाय बनाउने हुँदा यस क्षेत्रबाट रेमिट्यान्स रकम कम भित्रने गरेको छ। झन अध्ययनका लागि जानेहरूबाट त उल्टै ठुलो मात्रामा पैसा विदेशतिर नै गैरहेको छ।

चालु आर्थिक वर्षको सात महिनामा रेमिट्यान्समार्फत ९ खर्ब ५८ करोड रुपैया मुलुक भित्रदा उच्च शिक्षाका लागि विदेशी मुलुक जानेहरूले ठूलो धनराशी विदेश लगेका छन्। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार चालु आवको माघ मसान्तसम्म शिक्षातर्फको व्यय रु ६४ अर्ब १५ करोड बराबर पुगेको छ।

अहिले विदेशिने नेपालीको चर्चा गर्दा यसमा वैदेशिक रोजगारी मात्र जोडिएर आउने गर्छ। तर यर्थाथतामा हेर्ने हो भने अध्ययनका लागि जानेहरूमा केहि-केहिको लक्ष्य अध्ययन भएपनि

अधिकांशको लक्ष्य रोजगारी र भविष्यको लागि सेटलमेन्ट नै रहेको देखिन्छ। यसर्थ युवा पलायनलाई कम गर्दै लैजाने हो भने देशमै राम्रो आयआर्जनसहितको रोजगारी सिर्जनाको विकल्प नै छैन।

तथापी पछिल्लो समय देशमा राम्रा अवसरहरू सिर्जना हुने क्रम बढनुका साथै विदेशबाट फर्किने नेपालीको संख्या पनि उत्साहजनक छ। यस अवस्थामा आकर्षक आम्दानीसहितको रोजगारी र सामाजिक सुरक्षाको प्रत्याभूती दिदै जान सक्ने हो भने युवाहरूको विदेश पलायन त घट्ने थियो नै वैदेशिक रोजगारीमा रहेका धेरै नेपालीहरू स्वदेशमा फर्कने पनि थिए।

सरकारले विदेशिने नेपालीको तथ्यांक राख्ने गरेको छ तर फर्किने नेपालीको तथ्यांक राख्ने व्यवस्था नहुँदा अधिकांश नेपाली विदेशमा रहेको भ्रम पैदा भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी बताउँछन। 'हामीसँग विदेश जाने श्रमिकहरूको डाटा छ तर फर्किएर आएकाहरूको छैन। अहिलेसम्म ७० लाख नेपाली वैदेशिक रोजगारमा गएकोमा रिर्टनीहरूको संजालले ४२ लाख नेपालीहरू वैदेशिक रोजगारबाट फर्किएर आएको प्रतिवेदन दिएका छन्, विदेश जाने मात्र होइन आउने क्रम पनि छ' मन्त्री भण्डारी बताउँछन्।

करिव ९० प्रतिशत नेपालीहरू वैदेशिक रोजगारीका लागि खाडी, मलेशिया, जापान, कोरियालगायतका देशमा गएका र त्यहाँ गएका नेपालीहरू निश्चित समयपछि फर्कने हुँदा यसरी फर्किएर आएका नेपालीको ज्ञान, सीप र पूँजी प्रयोग गर्दै उनीहरूलाई स्वरोजगार तथा उद्यमशिल बनाउन र यसका माध्यमबाट आकर्षक रोजगारी सिर्जनाका लागि सरकारले योजना नै बनाएर काम थालिरहेको मन्त्री भण्डारीको भनाई छ।

गत फागुनमा सम्पन्न पाँचौ राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनमा देशमा दक्ष कामदारको चरम अभाव हुँदा पनि दिनानुदिन रोजगारीको लागि विदेशिनुमा सीपमूलक तालिमको यथोचित प्रवन्ध हुन नसक्नुका साथै न्यून पारिश्रामिक र सामाजिक सुरक्षाको अभाव रहेको विषय सरोकारवालाहरूले उठाएका थिए।

सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले पनि देशमा श्रमिक अभाव भैरहँदा नेपाली युवाहरू भने श्रम पाइएन भनेर विदेशिइरहनुमा न्यून पारिश्रामिकको समस्या रहेको बताएका थिए। 'काम गऱ्यो तर जिवीका चल्दैन भनेपछि मान्छे बाहिर जान्छ। यसैले काम गरेर जिविका चल्न सक्ने स्थिती बनाउन जरुरी छ। हाम्रो उद्देश्य के हो भने काम गरेपछि उसको आम्दानीले परिवार पालेर पनि बचतको स्थितीमा रहोस् भन्ने हो' प्रधानमन्त्री ओलीको भनाई छ।

श्रम मन्त्रालयले श्रम तथा रोजगार सम्मेलनमा घोषणा गरेको रोजगार प्रवर्द्धन दशक सफल बनाउनका लागि आन्तरिक गृहकार्य शुरु गरेको जनाएको छ। मन्त्रालयका सहसचिव तथा





हामीसँग विदेश जाने श्रमिकहरूको तथ्यांक छ तर फर्किएर आएकाहरूको छैन । अहिलेसम्म ७० लाख नेपाली वैदेशिक रोजगारमा गएकोमा रिर्टनीहरूको संजालले ४२ लाख नेपालीहरू वैदेशिक रोजगारबाट फर्किएर आएको प्रतिवेदन दिएका छन्, विदेश जाने मात्र होइन आउने क्रम पनि छ । नेगेटिभ भाष्य सिर्जना नगरौं ।

**शरतसिंह भण्डारी,** ***मन्त्री***
***श्रम, रोजगार तथा सामाजिक सुरक्षा***

आन्तरिक रोजगार व्यवस्थापन महाशाखाका प्रमुख चक्रपाणी पाण्डे सम्मेलनले निकालेका घोषणापत्रलाई कार्यान्वयन गर्नका लागि मन्त्रालयले नीजि क्षेत्रसँगको सहकार्यमा काम अगाडि बढाइसकेको बताउँछन्। उनी भन्छन्- 'मन्त्रालयले अन्य सरकारी निकाय तथा नीजि क्षेत्रसँग सहकार्य गरेर स्वदेशमा नै रोजगार सृजना गरी वैदेशिक रोजगारको बाध्यात्मक अवस्थालाई घटाउनका लागि रोजगार प्रवर्द्धन दशक सफल बनाउने गरी काम थालिसकेको छ।'

### 'रोजगार प्रवर्द्धन दशक' घोषणा

गत फागुन २६ र २७ गते काठमाडौमा आयोजित पाँचौ 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन'मा प्रधानमन्त्री केपी शर्मा ओलीले सन् २०२५-३५ लाई आन्तरिक रोजगार प्रवर्द्धन दशकको घोषणा गर्दै यसको शुभारम्भ गरेका छन्।

'उत्पादन र उत्पादकत्वको विस्तार, आन्तरिक रोजगारीको दिगो आधार' भन्ने नारासहित सम्पन्न सम्मेलनमा प्रधानमन्त्री ओलीले आन्तरिक रोजगारी सिर्जना गर्न सरकारले उद्यमशीलता विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए। 'रोजगारीका अवसरहरू सिर्जना गर्न हामीले उद्यमशिलतालाई जोड दिनुपर्छ। उद्यमशिलता र आधुनिकिकरण मार्फत मात्र आन्तरिक रोजगारका अवसर बढाउन सकिन्छ' उनले भने।

सरकारले नीति तथा कार्यक्रममै रोजगारी प्रवर्द्धन दशक घोषणा गरेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यसका लागि नीजि क्षेत्र बढी क्रियाशिल हुनुपर्ने बताए। 'आगामी दशक लगानी र रोजगारी अभिवृद्धिमा सरकारले जोड दिन्छ, यसमा सरकार भन्दा पनि नीजि क्षेत्रको भूमिका बढी हुनुपर्छ । सरकारले लिएको यो राष्ट्रिय आकांक्षा सफल बनाउन सबैलाई एकजुट हुन आह्वान गर्दछु।'

यसका लागि नितीगत र व्यवहारिकरुपमा कसरी अघि बढ्ने भन्नेमा सरकार प्रष्ट रहेको भन्दै उनले भने 'यस विषयमा अझ छलफल गर्न र निष्कर्ष निकाल्न जरुरी छ। यो एकल प्रयासले मात्र सम्भव छैन। अहिले हामीले सरकार र निजी क्षेत्रबीच सम्झौता पनि गरेका छौ यसले हामीमा ठोस प्रयासको रुचि रहेको प्रष्ट पार्छ।'

श्रम तथा रोजगार सम्मेलनमार्फत सरकारले स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्न

नीतिगत सुधार गर्ने र निजी क्षेत्रलाई आकर्षित गर्ने प्रतिबद्धता जनाएको छ । श्रम मन्त्री शरतसिंह भण्डारीले सम्मेलनमा आएका सुझाव र गुनासालाई समेटेर आगामी दिनमा अगाडि बढ्ने बताए ।

श्रम बजारको व्यवस्थापन गर्न नसक्दा नै युवा वर्ग वैदेशिक रोजगारीमा जान बाध्य भैरहेको मन्त्री भण्डारीको भनाई छ । 'अहिले मुलुकमा छाएको जुन निराशा छ त्यो विशेषगरी रोजगारसँग जोडिएको छ । हरेक वर्ष ठुलो संख्यामा श्रमशक्ति श्रम बजारमा आइरहेको छ तर श्रम बजारको व्यवस्थापन हामीले गर्न सकिरहेका छैनौ जसको कारण बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा जानु परिरहेको छ' उनले भने ।

मुलुक भित्र आन्तरिक रोजगारीको सम्भावनाहरू हुँदाहुँदै पनि रोजगारी र सीपयुक्त जनशक्तिलाई जोड्न नसकिएको भन्दै मन्त्री भण्डारीले सरोकारवालाहरूसँगको छलफलपछि आएको निचोडले आगामी दिनका लागि निती निर्माणसहित अघि बढ्न मद्धत पुग्ने बताए ।

> गत फागुन २६ र २७ गते काठमाडौमा आयोजित पाँचौ 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन'मा प्रधानमन्त्री केपी शर्मा ओलीले सन् २०२५-३५ लाई आन्तरिक रोजगार प्रवर्द्धन दशकको घोषणा गर्दै यसको शुभारम्भ गरेका छन् ।




'स्वदेशमै रोजगारी कसरी सिर्जना गर्न सकिन्छ भन्ने विषयमा विभिन्न क्षेत्रका विज्ञहरूसहित हामीले प्रशस्त छलफल गऱ्यौ' मन्त्री भण्डारीले भने 'आन्तरिक रोजगारीको आधार उद्यमशिलता र उत्पादन प्रणालीसँग जोडिएर आएको छ । आत्मविश्वाससहितको उद्यमशिलतामा अब हामी जोड दिन्छौ ।'

वैदेशिक रोजगारीमा जाने क्रमलाई तत्काल अन्त्य गर्न सम्भव नरहेको बताउदै प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा आगामी एक दशक रोजगार प्रवर्द्धनमा लाग्न सकियो भने मात्रै वैदेशिक रोजगारीमा जानै पर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्न सकिने बताउँछन् ।

'वैदेशिक रोजगारीमा जानु नपर्ने अवस्थाका लागि एकै वर्ष २० औ लाख रोजगारी सिर्जना गर्नुपर्ने हुन्छ, त्यो अहिले सम्भव छैन । बरु वैदेशिक रोजगारीलाई मर्यादित बनाउने, सम्मानित बनाउने, वैदेशिक रोजगारीबाट फर्किएकालाई श्रम बजारमा फेरी आवद्ध गर्ने र उनीहरूले ल्याएको आर्जनलाई स्वरोजगारी तथा अवसर सिर्जनामा लगाउन सके धेरै फाइदा पुग्न सक्छ' उनले भने ।

रोजगारीको श्रोत आर्थिक क्रियाकलाप भएकाले सरकारले राखेको आन्तरिक रोजगार प्रवर्द्धनको लक्ष्य पुरा गर्न आर्थिक बृद्धिदर निरन्तर ६ प्रतिशत भन्दा माथि पुऱ्याउनुपर्ने खतिवडा बताउँछन् । उनी भन्छन् 'हाम्रा विविध क्षेत्रका स्रोत र साधनहरूलाई रोजगारी सिर्जना हुने ठाँउमा लगाउँनुपर्छ । निजी क्षेत्रले पनि रोजगार सिर्जना गर्ने र यसमा सरकारले प्रोत्साहन तथा सहूलियतका नीतिहरू अघि बढाउने हो भने सरकारको लक्ष्य पुरा हुन्छ ।'

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली रोजगारी सिर्जना हुने क्षेत्र पहिचान गरेर लगानी केन्द्रित गर्नुपर्ने बताउँछन् । 'हामी यस्तो सेक्टरमा इन्भेष्टमेण्टलाई टार्गेट गरौ जसले आर्थिक बृद्धि र रोजगारी सिर्जनामा योगदान पुऱ्याओस् । यसका लागि हामीले डाइरेक्ट प्रोडक्सनमा जाने एग्रिकल्चर, टुरिजम, इनर्जी, आइसीटी, इन्डष्ट्रिज अफ इन्फ्याक्टर जस्ता क्षेत्र तथा सर्पोटिङ सेक्टरमा ट्रान्सपोर्ट, हेल्थ र अरवान इन्सफ्राक्चर जस्ता सेक्टरलाई फोकस गरेर लगानीलाई केन्द्रित गर्न खोजिरहेका छौ' उनले भने ।

नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नीजि क्षेत्रलाई निरुत्साहित गर्ने नीतिगत अस्पष्टता हटाउन सके धेरै भन्दा धेरै रोजगारी सिर्जना हुन सक्ने र सरकारले लिएको लक्ष्य प्राप्तीमा सहजता आउन सक्ने बताउँछन् । 'रोजगारी सिर्जना गर्ने रियल एक्टर भनेको नीजि क्षेत्र नै हो । पहिलो कुरा उद्योग-व्यवसाय कसरी हुन्छ बढाउने बातावरण बनाउन सक्नुपर्छ' उनले भने ।

### दक्ष जनशक्ति अभाव

एकातिर युवा जनशक्ति बेरोजगार बस्नुपर्ने, कि त रोजगारी पाइएन भनेर विदेशिनुपर्ने, अर्कोतिर श्रम बजारमा दक्ष जनशक्तिको अभाव हुने, विदेशी कामदारमा भर पर्नुपर्ने अवस्था सिर्जना भएकोमा व्यवसायीहरू चिन्तित छन् ।

होटल एसोशिएसन अफ नेपाल (हान)का अध्यक्ष विनायक शाह आगामी ५ देखि १० वर्ष भित्रमा यस क्षेत्रले १० लाखलाई रोजगारी दिने क्षमता राख्ने भएपनि स्किल कामदारको अभाव रहेको बताउँछन् । उनी भन्छन 'हामीले खोजेको मेनपावर पाइरहेका छैनौ तर, हरेक दिन हजारौ नेपाली रोजगारीका लागि विदेश गैरहेका छन यो देख्दा दुःख लाग्छ ।'

सरकारले सहजिकरण गरिदिए निजी क्षेत्र तालिम दिन, सीप विकास गर्न तयार रहेको उनी बताँछन् । उनी भन्छन् 'अहिले पनि हामीलाई स्किल मेनपावरको धेरै खाँचो छ, विदेशबाट यस्ता सीप सिकेर आएका रिटर्नी नेपालीहरू पनि छन तर उहाँहरूसँग जोडिने प्लेटफार्म हामीले अहिलेसम्म पाउन सकेका छैनौ ।'

नाडा अटोमोबाइल एसोसिएसन अफ नेपाल (नाडा)का अध्यक्ष करण चौधरी पनि उद्योग-धन्दामा स्किल मेनपावरको ठुलो अभाव रहेको बताउँछन् । 'हामीलाई फ्रेस माइन्ड, वर्किङ्ग माइन्ड चाहिएको छ, त्यो दिनानुदिन विदेशिइरहेको छ, यो क्रिटिकल इष्यु हो' उनले भने 'जब हामीसँग छ तर लिन लायक कोही पनि छैन ।'

अहिले पनि अटोमोबाइल क्षेत्रमा ५० हजार भन्दा बढी रोजगार सिर्जना गर्न सक्ने अवस्था रहेको भन्दै चौधरी यसका लागि सरकारले निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने बताउँछन् । 'तालिम प्रदान गर्नका लागि हामीले सरकारसँग एमओयू पनि गरेका छौ । तालिम लिइसकेपछि हाम्रो जनशक्ति सर्टिफिकेट बोकेर विदेश पलायन नहोस् भन्ने हाम्रो चाहना छ । यसैले हामी २ वर्षसम्म अन द जव ट्रेनिङ दिएर उहाँहरूलाई कन्जुम गर्न चाहन्छौ ।'

श्रम मन्त्री भण्डारी उद्योग मात्र नभएर सेवा क्षेत्र, कृषिलगायत विविध क्षेत्रमा प्रचुर मात्रामा रोजगारीका सम्भावना रहेको र यसका लागि उपयुक्त जनशक्ति तयार गर्नुपर्ने आवश्यक्ता देखेर निजी क्षेत्रसँगको सहकार्यमा सीपयुक्त जनशक्ति तयारका लागि सम्झौता नै गरेर सरकार अघि




बढेको बताउँछन् ।

बजारका माग बमोजिमका जनशक्ति तयार गरेर रोजगारदाता र श्रमिकलाई जोड्ने मेकानिजम बनाउन आवश्यक रहेको बताउदै मन्त्री भण्डारीले यस कार्यका लागि विशेषगरी निजी क्षेत्रलाई प्रोत्साहन गरिने बताए । साथै विदेशमा रहेका नेपालीले सिकेका सीप, ज्ञान र पूँजीलाई फेरी फर्काएर ल्याएर समृद्ध नेपाल निर्माणमा उनीहरूलाई कसरी जोडन सकिन्छ भन्नेमा पनि मन्त्रालय लागिरहेको उनी बताउँछन् ।

### सीपमूलक जनशक्ति उत्पादनका लागि समझदारी

सरकारले देशमै रोजगार सृजना गर्नका लागि सीपमूलक तालिमलाई विशेष प्राथमिकता राखेको छ । सरकारले भर्खरै सीपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्नेगरी मदरल्याण्ड ग्रुपसहित विभिन्न क्षेत्रका १० निकायसँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

मदरल्याण्डसहित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, निर्माण व्यवसायी महासंघ, कम्प्युटर एसोसिएसन नेपाल, होटल संघ नेपाल, नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल, नेपाल तयारी पोशाक उद्योग संघ, सुनचाँदी व्यवसायी महासंघ र इको इन्टरनेशनल फ्रेम प्रालिलगायतका संस्थाहरूसँग सीपमूलक तालिम प्रदानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सम्झौता गरेको हो ।

सरकारसँगको यो सहकार्यले तालिम प्रदान गर्नका लागि थप हौसला मिलेको बताउँदै मदरल्याण्ड ग्रुपका अध्यक्ष टेकबहादुर पौडेलले आगामी दिनमा थप गुणस्तरिय तालिम प्रदानका लागि संस्था सधैं प्रतिवद्ध रहने जानकारी दिएका छन् ।

मदरल्याण्ड ग्रुप अन्तर्गत रहेको संस्था मदरल्याण्ड स्किल एकेडेमीले नेपाली युवाहरूलाई स्वदेश तथा विदेशमा आवश्यक कामका लागि विभिन्न तालिमहरू प्रदान गरिरहको छ ।

## राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन २०८१ को **घोषणा पत्र**

१. आन्तरिक रोजगारी सिर्जनालाई तीव्रता दिन घोषित आन्तरिक रोजगार प्रवर्द्धन दशकलाई सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक रणनीति, कार्यनीति र कार्यक्रम कार्यान्वियन गरिनेछ ।

२. रोजगार प्रवर्द्धन दशकको कार्यान्वयनका लागि आवश्यक नीतिगत र प्रविधिगत परिमार्जन गरिनेछ ।

३. आन्तरिक रोजगार प्रवर्द्धन दशकका क्रियाकलापहरू आगामी आवधिक योजना, वार्षिक नीति कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्दै लगिनेछ ।

४. सरकारी क्षेत्रको सहजीकरण र निजी क्षेत्रको नेतृत्वमा तुलनात्मक लाभका नवीनतम् एवं उदीयमान क्षेत्रहरूमा लगानी अभिवृद्धि गरी आन्तरिक रोजगारी प्रवर्द्धन गरिनेछ ।

५. श्रम बजारको मागको आधारमा सिपयुक्त जनशक्ति तयार गर्नको लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र निजी क्षेत्रका रोजगारदाताहरूसँग समन्वय एवं सहकार्य गरिनेछ ।

६. औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै सामाजिक सुरक्षा सुनिश्चितता सहितको पेन्सनेवल समाजको निर्माण गरिनेछ ।

७. सामाजिक सुरक्षा कोषको रकमलाई उच्च प्रतिफलयुक्त लगानीको माध्यमबाट राष्ट्रिय पुँजी निर्माण, विकास र परिचालन गरी श्रमिकहरूको कल्याण अभिवृद्धि गरिनेछ ।

८. स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूको सुदृढीकरण र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारदाता र श्रमिकका लागि साझा सूचना केन्द्रको रुपमा विकास गरिनेछ ।

९. श्रम आप्रवासनको व्यवस्थापन तथा पुनः एकीकरणका लागि “श्रमिकबाट उधमी“ बनाउन विशेष वित्तीय व्यवस्थापन परिचालन समेत गरी राष्ट्रिय कार्यक्रम संचालन गरिनेछ ।

१०. वैदेशिक रोजगारीबाट फर्किएका कामदारको सिपको प्रमाणीकरण गरी उनीहरूले आर्जन गरेको सिप, पुँजी र अनुभवलाई उत्पादनशील कार्यमा उपयोग गरी उद्यमशीलताको थप विस्तार गरिनेछ।

११. “सूचना प्रविधि र आन्तरिक रोजगारीः युवाहरूका लागि नयाँ अवसरहरूको तयारी“ भन्ने उद्देश्यका साथ सूचना प्रविधि र स्टार्ट-अप कार्यक्रमहरू तय गरी लागु गरिनेछ ।

१२. प्राबिधिक शैक्षिक संस्था तथा प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमार्फत् श्रम बजारको माग र आपूर्तिबीच रहेको सिपको खाडल पूरा गरिनेछ ।

१३. प्रभावकारी श्रम कुटनीति मार्फत वैदेशिक रोजगारलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउँदै बाध्यात्मक रुपमा वैदेशिक रोजगारमा जानुपर्ने अवस्थाको अन्त्य गर्नका लागि नीतिगत तथा कानूनी सुधार गरिनेछ ।

१४. नेपालमा रहेको अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई तोकिए बमोजिमको न्यूनतम पारिश्रमिक र लैङ्गिक समानता सुनिश्चित हुनेगरी क्रमशः औपचारिक क्षेत्रमा ल्याउन नीतिगत सुधार एवं कार्यक्रमहरू संचालन गरिनेछ ।

१५. नेपालमा श्रम र रोजगारका क्षेत्रमा भएका अनुसन्धान र विकासलाई नीति निर्माणको पृष्ठपोषणका लागि सदुपयोग गरिनेछ ।

१६. उद्योग/प्रतिष्ठानहरूमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य कार्यक्रमलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप स्तरोन्नती गरिनेछ ।



## संचालनमा आयो 'काठमाडौँ टेक्निकल स्कुल'

### एक लाख दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य

१० वर्षमा १ लाख दक्ष जनशक्ति उत्पादन गर्ने सरकारको लक्ष्यलाई पुरा गर्ने उद्देश्यसहित 'काठमाडौँ टेक्निकल स्कुल' संचालनमा आएको छ। आइएमई ग्रुप र आईएक्सआई कर्पले रोजगार बजारमा दक्ष जनशक्तिको माग पूरा गर्नेगरि काठमाडौँको धुम्बाराहीमा संचालनमा ल्याएको काठमाडौँ टेक्निकल स्कुलको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री सरत सिंह भण्डारीले आज एक समारोहकाबीच शुभारम्भ गरेका हुन्।

उदघाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले सीप, रोजगारी, उद्यमशीलता र पुँजीको संयोजनले मात्र बेरोजगारी र गरिबीका समस्या समाधान गर्न सकिने भएकाले सरकारले निजी क्षेत्रसँगको साझेदारीलाई प्राथमिकतामा राखेको बताए।

उनले भने, 'दश वर्षमा दश लाख जनशक्ति तयार गर्ने मात्र होइन। दश वर्षमा वैदेशिक रोजगारमा गएका नेपालीले सिकेका सीप, श्रम र पुँजीलाई मुलुकमा ल्याएर कसरी विकास निर्माण गर्ने भन्ने कुरा सबैभन्दा पहिलो प्राथमिकता हो। जाने मान्छे जाँदै गर्छन तर फर्केर आएका मानिसलाई नफर्कने वातावरण तयार गर्न यो दश वर्ष हामीले लिन खोजेको छौं।'

नेपाल उद्योग वाणिज्य महासंघ तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले काठमाडौँ टेक्निकल स्कुलको औपचारिक सञ्चालनसँगै अब आइएमई ग्रुप प्राविधिक जनशक्ति उत्पादनका क्षेत्रमा अगाडि बढेको जानकारी दिए। यस स्कुलले थप हजारौँ युवालाई रोजगार तथा स्वरोजगार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनले बताए।

काठमाडौँ टेक्निकल स्कुल (केटीएस) का अध्यक्ष मनोज पौडेलले आगामी १० वर्षमा १ लाख दक्ष जनशक्ति उत्पादन गर्ने सरकारको लक्ष्य प्राप्तिमा स्कुलले सहयोग पुऱ्याउने बताए। साथै केटीएसले युवाहरूलाई विश्वस्तरीय तालिम तथा शिक्षा प्रदान गर्ने लक्ष्य राखेको समेत उनले जानकारी दिए।

काठमाडौँ टेक्निकल स्कुलले हस्पिटालिटी, कुलनिरी आर्टस, केयर गिभिङ, बारिस्ता, बार टेन्डिङलगायत तीन दर्जनभन्दा बढी रोजगारमूलक तथा स्वरोजगारमूलक विधाहरूमा तालिमहरू सञ्चालन गर्नेछ। यस स्कुलले आगामी एक दशकमा १ लाखभन्दा बढी कुशल जनशक्ति तथा प्रोफेशनलहरू उत्पादन गर्ने लक्ष्य लिएको छ।

कार्यक्रममा राष्ट्रिय व्यवसायीक प्रशिक्षण प्रतिष्ठानका निर्देशक रमेश बखते र काठमाडौँ टेक्निकल स्कुलका सिईओ उपेन्द्र घिमिरेले समझदारी पत्रमा हस्ताक्षर समेत गरेका छन्। उक्त समझदारीपत्रमा १० वर्षमा १ लाख दक्ष जनशक्ति उत्पादन गर्न केटिएसले सहयोग गर्ने जनाइएको छ।




# उद्योग तथा व्यवसायी महासंघको अध्यक्षमा सापकोटा निर्वाचित




नेपाल उद्योग तथा व्यवसायी महासंघको अध्यक्षमा भागीरथ सापकोटा निर्वाचित भएका छन् । महासंघको तेस्रो महाधिवेशनले सापकोटाको अध्यक्षतामा पदाधिकारीसहित ९९ सदस्यीय केन्द्रिय कमिटी सर्वसम्मतले चयन गरेको हो ।

काठमाडौंमा दुई दिनसम्म चलेको उक्त महाधिवेशनले उपाध्यक्षमा खुलातर्फ सुवर्ण श्रेष्ठ र महिलातर्फ शोभा गुरुङ, महासचिवमा बालकृष्ण शिवाकोटी, उपमहासचिवमा डिमप्रसाद पौडेल, सचिवहरूमा गोपाल खनाल, रामराजा श्रेष्ठ, डोलनाथ खनाल र सरोज यादव चयन गरेको छ ।

यस्तै महासंघको तीन आयोगहरूमा लेखातर्फ राजकुमार तिमिल्सिना, निर्वाचनतर्फ टंक राउत र अनुशासनतर्फ बालाराम भट्टराई चयन भएका छन् ।

नव निर्वाचित अध्यक्ष सापकोटाले महासंघमा नेतृत्व सम्हालेसँगै देशभरका सम्पूर्ण उद्योग व्यवसायीको हकहितमा काम गर्ने बताए । 'महासंघलाई साना, घरेलुदेखि मझौला तथा ठूलो उद्योगी व्यवसायीको प्रतिनिधित्व हुने गरी छाता संगठनको रुपमा अझ सशक्त ढंगले अघि बढाउने छौं,' उनले भने, 'अहिले धेरै उद्योगी व्यवसायीहरू समस्यामा परेका छन् । उनीहरूको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

# नेकपा माओवादी केन्द्रमा वैदेशिक रोजगार शाखा गठन



नेकपा माओवादी केन्द्र निकट उपत्यका विशेष प्रदेश उद्यमी महाशाखा वैदेशिक रोजगार शाखा गठन भएको छ । शाखाको दोस्रो भेलाले ईगल म्यानपावर कन्सल्ट्यानटका सञ्चालक कृष्ण ढकालको अध्यक्षतामा १३ सदस्यीय वैदेशिक रोजगार शाखा गठन गरेको हो ।

शाखाको उपाध्यक्षमा सोम तामाङ, राजु शर्मा र सरोज लामा, सचिवमा इन्द्र मणि न्यौपाने, सहसचिवमा रवीन्द्र राई रहेका छन् भने कार्यसमिति सदस्यमा सुमिना तामांङ, विमल बस्नेत, इन्द्र तामाङ, तारा मणि राई, नवराज पाण्डे, तिपेन्द्र प्रसाद न्यौपाने र हस्त बहादुर तामांङ रहेका छन् ।

कार्यक्रम माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा पूर्व श्रम रोजगार तथा सामाजिक मन्त्री रामेश्वर राय यादव प्रमुख अतिथि रहेका थिए । त्यस्तै पार्टीका केन्द्रीय सदस्य तथा महाशाखाका इन्चार्ज कृष्ण केसी, उपत्यका विशेष प्रदेश कमिटीका सचिव कमल सापकोटा, उपत्यका विशेष प्रदेश कमिटीका सदस्य ईश्वरी पाण्डे तथा माओवादी केन्द्र उपत्यका विशेष प्रदेश उद्यमी व्यवसायी महाशाखाका अध्यक्ष अम्बिर गुरुङ, उपत्यका विशेष प्रदेश उद्यमी व्यवसायी महाशाखाका उपाध्यक्ष तथा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छादोर्जे दिमदोङ लगायतका व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

# नीति तथा कार्यक्रमका लागि सरकारलाई **महासंघले दियो सुझाव**



नेपाल उद्योग वाणिज्य महासंघले आर्थिक बर्ष २०८२।८३ को नीति तथा कार्यक्रमका लागि सुझाव पेश गरेको छ। महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलाई उक्त सुझाव हस्तान्तरण गरेका हुन।

सुझावका क्रममा अध्यक्ष ढकालले सरकारले हालै परिमार्जन गरेका कानुनहरूको सराहना गर्दै त्यसको कार्यान्वयनका लागि आवश्यक नियमावली, कार्यविधि बनाई सबै तहमा कार्यान्वनको प्रत्याभूति दिलाउनुपर्ने बताए।

महासंघले व्यवसाय दर्ता, नविकरण, राजश्व बुझाउने व्यवस्था एवं खारेजीका लागि प्रविधिको प्रयोग आवश्यक रहेको सुझाव दिएको छ। नागरिक एपमा बिजनेस आइकन राखि सोही मार्फत सम्पूर्ण व्यवसायिक सेवा दिन सकिने व्यवस्था आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रममा व्यवस्था गर्नुपर्ने सुझाव महासंघको छ

यस्तै लगानीको श्रोत जुटाउन नेपालमा लगानी अभियान नामक कार्यक्रम ब्यापक रुपमा स्वदेश तथा विदेशमा सञ्चालन गर्न, लगानी बोर्ड र उद्योग विभागलाई एक अर्कामा गाभेर पुर्नसंरचना गर्न तथा वन स्टप सेन्टरको पूर्ण कार्यान्वयनका लागि लगानीकर्तालेे एक ठाउँमा फाइल बुझाएपछि अन्यत्र जान नपर्ने गरि व्यवस्था गर्नुपर्ने सुझाव महासंघले दिएको छ।

हरेक बर्ष आर्थिक ऐन ल्याएर राजश्व सम्बन्धि कानुनमा हठात परिवर्तन हुने क्रम रहेकोले यसको सट्टा एकिकृत कानुन संहिता निर्माण गरि सदनबाट पारित गर्नु आवश्यक रहेको भन्दै महासंघले सुझावमा भनेको छ 'यसले सालबसाली बजेट मार्फत कार्यान्वयन हुने स्वेच्छाचारिता घटाइ नीतिगत स्थिरता कायम हुनेछ, विभिन्न कानुनहरूले दिएको व्यवसायिक सुविधाको ग्यारेन्टी हुने हुँदा लगानी प्रोत्साहित हुनेछ।'

यसैगरि, छ महिनादेखि नेपालको बैंकिग प्रणालीमा छ खर्ब रुपैया भन्दा बढि लगानीयोग्य रकम थुप्रिएको र तीन महिनामा ब्याजदर तीन प्रतिशत विन्दुले घटेको भन्दै महासंघले चालु पूँजी कर्जा मार्गदर्शनलाई कम्तीमा दुइ बर्ष स्थगित गर्न वा यसको निर्णय बैंक र ऋणी आफैले गर्न सक्ने गरि सहज बनाइदिन आग्रह गरेको छ।

नेपाली बजारमा घटेको माग पुर्तिका लागि पर्यटक र निर्यात बढाउनु पनि त्यत्तिकै जरुरी रहेकोमा निर्यातको हकमा तत्काल खाडी मुलुकमा नेपाली कृषिजन्य उत्पादन र पानी निर्यात गर्न सकिने नीति तथा कार्यक्रमहरू ल्याउन महासंघले सुझाव दिएको छ।

यसैगरि स्टार्ट अप नेपाल, साना उद्यमी बिकास कार्यक्रम र प्रविधिबाट समृद्धि कार्यक्रम अन्तर्गत उद्यमीहरूलाई सुविधा प्रदान गर्न एवं भारतीय सिमा नजिकका हिलस्टेसनमा स्थापना हुने होटल रिसोर्ट, पोलिटेक्निकल इन्स्टिच्युट, अन्य शिक्षालय, शिक्षण अस्पताललाई लगायतलाई सुविधा दिइ भारतीय पर्यटक र अन्य लगानी पनि आकर्षित गर्न सकिने महासंघको सुझाव छ।

उद्योगहरूमा लोडसेडिंग गर्ने प्रवृत्ति रोक्न पनि महासंघले सुझाएको छ। यस्तै उत्पादनमूलक उद्योगमा लाग्दै आएको करलाई क्रमशः घटाइ पाँच बर्षमा ५ प्रतिशत विन्दुले कम गर्न तथा आयकरको दर घटाउन र कर छुटको सिमा बढाउन पनि महासंघले सरकारको ध्यानाकर्षण गराएको छ। स्वदेशी उद्योग प्रवर्द्धन हुने करनीति आवश्यक रहेको महासंघको सुझाव छ।

# रेमिट्यान्स आप्रवाह ७.३ **प्रतिशतले** वृद्धि

विप्रेषण (रेमिट्यान्स) आप्रवाह ७.३ प्रतिशतले वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को सात महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिमा यस्तो देखिएको हो।

राष्ट्र बैंकका अनुसार यस अवधिमा रेमिट्यान्स आप्रवाह ७.३ प्रतिशतले वृद्धि भई ९ खर्ब ५८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १८.८ प्रतिशतले बढेको थियो।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह ५.३ प्रतिशतले वृद्धि भइ ६ अर्ब ६५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १६.४ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ।

चालू आवको सात महिनामा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या २ लाख ७४ हजार ६२२ रहेको छ। पुनः श्रम स्वीकृति लिनेको संख्या १ लाख ९० हजार ८८६ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः २ लाख ४५ हजार ४३२ र १ लाख ५७ हजार ४५ रहेको थियो।

# दिपेशको दिव्य कर्म

**'विदेश गएको पनि कमाउन नै हो र यो खटाइ पनि कमाइकै लागि हो तर एकै पटक धेरै खोज्नु भएन। आफ्नो श्रमबाट तराईमा जमिन किनेका छौँ। पछि, बिस्तारै घर बनाउने सोच छ। बच्चाको अभिभावक हुनु उसलाई असल र संस्कारी शिक्षा कसरी दिन सकिन्छ ? गहन जिम्मेवारी बोध भएको छ।'**




● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com


रोजगार शब्द नै पर्याप्त छ, कामको खोजी गर्नु भनेर बुझ्न। यसले आवश्यकता महसुस गराउँछ। मानिस बाँच्नको लागि अवसरको खोजी हो रोजगार। जीवन ज्यूँने आधार हो रोजगार। हात हालेको रोजगारीमा निरन्तर निरन्तरता पनि हो रोजगार। यहाँ रोजीरोटीको लागि मानिस भौतारिरहेको हुन्छ। आफ्नो दक्षताको सही सदुपयोग भए मानिस मानसिक रुपमा खुसी हुन्छ। तन मन धन अहोरात्र पसिना बगाउन अग्रसर भई नै रहन्छ।

प्रकृतिको सृष्टि-सम्पत्ति मानिसको चाहना नै आवश्यकता हो अर्थात् आवश्यकता नै चाहना। मानवीय स्वभाव छिन्छिन्मा रहरहरू पैदा हुन्छन्। ती कति सहजै पूरा हुन्छन्, कति मनभित्रभित्रै अव्यक्त शैलीमा लामबद्ध ठडिन्छन्। हो, आफूसँग भएको सिमित आर्थिकले असिमित चाहना कसरी पूरा हुन्छ। फेरि, चाहनाको जग चाहना नै हुन्छ।

यसले मानिसको मन चञ्चल मात्रै गराउदैन, आमाको काख न बुवाको हात चटक्कै छोडेर पलायनको बाटो रोज्छ। भाषा न भेषको ठाउँलाई आँखाको नानी बनाउछ। अनि, पसिनाका धारा बगाउनेहरू सपना किन्न कति सफल हुन्छन् कति हुदैनन्। जे होस्, परदेशी माटोलाई बहुमूल्य गहनाका रुपमा सजाइ राख्छन्। अरु त अरु यहाँ भइरहेको रोजगार त्यागेर पलायन दर किन ह्वात्तै बढ्यो ?

जनताको धुरीबाट धुवाँ नपुत्ताएसम्म आफूले नखाने राष्ट्रप्रमुख रहेको इतिहास पढेको नेपाली समाजमा अचेल जनप्रतिनिधिदेखि समाजका अगुवाले हरेक प्रकारका अवसर र सेवा प्राप्तिको पहिलो दाबी गर्छन्। गरिबीको पहिचान गर्न नसक्नाले निम्न आय भएका वर्ग सुविधाबाट वञ्चित छन्। जीवनको उर्जाशील समय एकापसमा लड्दालड्दै कति नाश भइसकको हुन्छ तैपनि अगुवा वर्गलाई हेक्का हुँदैन। अरु त अरु नागरिकका सुखद खबर सुनिरहँदा, देखिरहँदा र भोगिरहँदा पनि समाजमा अगुवा भनेर चिनिएकालाई त्यसबारे सोच्ने फुर्सद हुँदैन भने राजनीति गर्नुको अर्थ नै के बाँकी रहन्छ र ?

राज्यले हरेक प्रकारका रोजगारीलाई व्यक्तिको नितान्त आवश्यकता पूर्ति नठानेर 'तिमीले आँटेर जे गऱ्यौ, गर्दै छौ, हिम्मत कसेर अघि बढ। यही माध्यमबाट एक दिन सफलता मिल्छ। त्यो श्रेयको चाबी स्वयं हौ' भनेर सम्मानपूर्वक हौसला दिनुपर्छ। खैर, यी विषयलाई यही थाती राखेर कलिलो उमेरमा कामको सुरुवात गरेका युवातिर लागौँ। स्वभावतः अरुको खटनमा बसेर काम गर्न नसक्ने उनी को हुन् ? एक्लै भारी उठाउन कुन व्यवसायमा संलग्न छन् ?

"मेरो जन्म घर ताप्लेजुङ हो। किसान परिवारमा जन्मिएको मैले गाउँकै विद्यालयबाट एसएलसी



उत्तीर्ण गरेँ। प्लस टु पढ्न झापा झरेँ। दुई वर्षको अध्ययन सकियो। त्यहीबेला एक पटक विदेश जान पाए के के न होला भन्ने सोच पलायो। गाउँ गएर आवश्यक कागजपत्र तयार गरेँ र काठमाडौं आएर मेनपावर मार्फत खाडी मुलुक पुगेँ। यताबाट जाँदा होटल श्रमिक भनेर भिसामा कबुल थियो। फरक नपारी काम त दियो तर कमाइ भएन। जुन सोचले

मैले चिलगाडी रोजेको थिएँ, त्यस किसिमको उपलब्धि नभएपछि विदेशमा मन अडिएन र आफ्नै मुलुक फर्कें । नेपाल टेकेर गाउँ गएँ तर बस्ने गरी होइन । पढ्न सुरु गर्न मन भएन । गाउँमा हाम्रो जग्गा जमिन रेखोपाखो छ, अहिले पनि बुवाममी उतै हुनुहुन्छ ।"

कलेज पढ्न भनेर दश वर्ष अघि गाउँ छोडेका दिपेश दाहालले पुनः कुरा सुरु गरे- "म काठमाडौं आउदा कोटेश्वरस्थित सानीमाको घरमा बस्थें । त्यहाँ उहाँले गाई पाल्नु भएको थियो । देशको राजधानीजस्तो ठाउँमा व्यावसायिक किसिमले सानीमा गौ माताको स्याहार चाकरमा खट्नु भएको देखेर पहिलो नजरमै म छक्क परें ।

आफ्नै घरमा दुहुना भएपछि दूधदही खान भयो । त्यहाँ मल पनि बिक्थ्यो । आर्थिक आर्जनको बलियो पाटो बिहान बेलुका दूध किन्न घरलौरी ग्राहक आएको देख्थें । जति



बिक्थ्यो, नगद व्यापार हो । महिनावारी, हप्ता वा पन्ध्र दिन जुन किसिमको सर्त भए पनि घर व्यवहार धान्न र दुई चार पैसा चलाउन खाँचो थिएन ।

गाउँमा जन्मिहुर्केको हुनाले मलाई गाईको स्याहार गर्न आउथ्यो । विदेशबाट फर्केर नेपाल आइसकेपछि के गर्नु, के गर्नु भयो । त्यही छटपटी बिचबाट यसो विचार गरें, कि म पनि गाई पालौं ? सुरुमा कति वटा किनौं ? कहाँ गएर किनौं ? मनको लड्डु घिउसँग भनेपारा हातमा अर्थ थिएन । रहर जागेको बेला चुपचाप बस्नु हुँदैन भनेर भिनाजुको फाइनान्समा गएँ र ऋण लिएँ ।

कोटेश्वरमा सञ्चालन भइरहेको गाईगोठ किनें तर समस्या के भयो भने आफूलाई गाई दुहुन आउदैन थियो । त्यसका लागि जानेको मान्छे राखें । मैले गाउँमा नगरेको काम सिक्नु थियो । यस कारण जसका गाई हुन्, उसैलाई अनुरोध गरेर महिनाको ज्याला नै तोकें- पन्ध्र हजार । यसरी म गौ माताको स्याहारमा संलग्न भएँ । त्यतिखेर ज्यान एक्लो थियो । गाई किनेको एक महिनासम्म गाइड हुनाले समस्या भएन । त्यसपछि के गर्नु ? यहीँ प्रश्नबाट समाधान खोज्दै थिएँ ।

सर्त सकिएको दिन गाइडलाई ज्याला दिएर बिदा गरें । चर्को विषय अब कसरी अघि बढ्नु ? समाधानको बाटो गोठधन्दा सघाउन काम गर्ने राखें । यद्यपि उनीहरूको मात्र भरमा मैले कहिल्यै गोठ छोडिनँ । सबै भन्दा जिम्मेवार मानिस आफू भएपछि खट्नु पनि पर्छ । नाफाघाटा जे हुन्छ, स्वयंको टाउकामा पर्ने विषय हो । यस कारण मिहिनेत गर्नुपर्ने ठाउँमा ईन्च पछि सरिनँ ।"

दिपेशलाई सुन्दा लाग्यो, मानिसको मन हो सबै भन्दा ठुलो विश्वासको धरोहर धरहरा । जसले आफूलाई विश्वास गर्छ, कामको मेलो समाउछ र भित्रैदेखि लगाव गर्छ । त्यो लगावले नै हो व्यक्तिलाई शिखरमा पुऱ्याउने । आज गर्दै जान्छ, भोलि थप नयाँ कुरा सिक्दै हिँड्छ । एउटा भनाइ नै छ, कामले काम सिकाउछ । जति गऱ्यो त्यसले जीवनमा उर्जा दिन्छ । यो संसारमा मानिस जन्मिएकै गरेर खान हो ।

> 'केही पाउन केही गुमाउनु पर्छ' यो भनाइ दिपेशको जीवनमा लागू भएको छ। दशैं तिहार मात्रैको कुरा होइन, अरु समय पनि सितिमिति गोठ छोडेर हिँड्न समय हुँदैन। किसानको छोरो गौ माताको स्याहारचाकरमा यसरी खटेका छन्, जीवन साथी पनि त्यही अनुसार जुराए भगवान्ले।

हाम्रो भान्सामा कति आवश्यक पर्छ ? त्यो अनुसार दूधको मागलाई दिपेशले आनाकानी नगरी पूरा गरिदिएका छन् । बिहान मागे बिहान बेलुका भने बेलुका । दैनिक चाहिए दैनिक । होइन, दिन बिराएर मात्र ल्याउनु भने दिन बिराएर नै । आज चाहिँ थपेर ल्याउनु भने थपेरै । साविक भन्दा कम ल्याइदिनु भने कम नै । ठ्याक्क समयमा घरको गेटमा हाँजिर हुन्छन् । सेतो प्लास्टीकको थैलामा हालेर पोकापोका बाँधेको दूधलाई पुनः अर्को झोलामा राखेर उपयुक्त स्थानमा छोडेर आफ्नो बाटो लाग्छन् ।

"२०७६ सालदेखि मैले गाई पाल्न सुरु गरेको हुँ । कोटेश्वरबाट लोकन्थली सरेको पनि केही वर्ष भयो । जुनबेला म एक्लै थिएँ, काम गर्ने मानिस राखेर गाईको धन्दा गर्थें तर सधैं कति एक्लै बस्नु ? यस प्रश्नले लखेट्न थाल्यो । आफन्त मार्फत चिनजान भयो, झापाकी अङ्किता भण्डारीसँग । पहिलो चरण हामी फेसबुकमा साथी बन्यौं । कुरा गर्दै जाँदा माया बस्यो र हामीले बिहे गऱ्यौं । उनी मेरो जीवनमा आएपछि कामदाम सबैमा हामी एक भएर अघि बढेका छौं । हाम्रो पहिलो सन्तान छोरा छ । ऊ भर्खर स्कुल जाने उमेरको हुँदैछ ।

यतिबेला दिनमा १०० लिटर दूध बेच्छौं । गाईको धन्दा गर्न प्रत्येक बिहान साढे तीन बजे उठ्नु पर्छ । जाडो महिना होस् कि गर्मी । खडेरी न झरी केही भन्न पाइदैन । आफू उठेर बत्ती बालेपछि गाई पनि जागा हुन्छन् । अनि, खानेकुरा खुवाउने । त्यस पछि दुहुन थाल्ने । गाउँघरमा जस्तो यता खोलेको चलन छैन । दिनको तीन पटक दानापानी खुवाउनु पर्छ । गोठ सधैं सफा राख्नुपर्छ । गोबर सोर्न घिन मान्नु हुँदैन । हातमा डिग्री उत्तीर्ण मार्कसिट बोकेर विदेश गएर ट्वाइलेट सफा गर्नुभन्दा यहाँ गौ माताको स्याहारमा जुट्नु कति उत्तम, अर्कै आनन्द !"

परिवारको कान्छो छोरा रहेछन्, दिपेश । उनका दाजु खाडी मुलुकबाट नेपाल फर्किएर झापामा कोरियन भाषा सिक्दै हुनुहुन्छ रे । दिदी बिहेअघि काठमाडौं सानीमाकै घरमा बसेर पढेकी र हालको बसोबास पनि यतै भएको जानकारी गराए । उनले यता कमाएर आमाबुवालाई पैसा पठाउनु पर्दैन तर आमालाई वातरोग हुनाले विशेषज्ञ डाक्टर कहाँ जचाउन लैजानु पर्ने रहेछ । २५/२६ वर्ष भयो अरे आमालाई बिसन्चो हुन थालेको ।

गाई पालन राम्रो व्यवसाय हो । वाक्य सुन्दै सजिलो कार्य हो भन्ने लाग्छ । दूध बिक्छ र कति ठाउँमा मल पनि बिक्छ । यसले गोठलाई राम्रो आम्दानी हुन्छ । मूल कुरा एउटा गाईको मुल्य कति पर्छ ? ऊ ब्याएपछि लगातार कति महिना

दूध दिन्छ ? गोरु नदेखिने यो शहरमा गाई कसरी भर्ना हुन्छन् र कुन जातका हुन् ? सबै ब्याख्या खुलाउन दिपेश बाबुलाई अनुरोध गरेँ ।

"यहाँ एउटा गाईको मुल्य एक लाख रुपैयाँ पर्छ । अस्ति भर्खर पाँच वटा गाई बेच्यौँ । ती नराम्रा थिएनन् तर अझै दुधालु खरिद गर्न हेर्दै छु । अहिले दुहुना सात वटा छन् । ज्याला कबुलेर काम सघाउने मान्छे राखिएको छैन । हामी श्रीमान् श्रीमती नै लागेर गर्दैछौं ।

गाई पाल्न फर्म दर्ता गर्नुपर्छ । हरेक गाईको बीमा गर्नु अर्को अनिवार्य कुरा हो । बीमा रकम वर्षेनी तिर्नुपर्छ । एउटा गाई बराबर १००० देखि १२०० सम्म पर्छ । पशु बीमाको उद्देश्य सम्भावित दुर्घटनामा गोठलाई टेवा हुन्छ भन्ने अपेक्षा हो । यो शहरमा बीउ गोरु नै नभेटिने होइन- छन्, हुन्छन् । यद्यपि खोई किन ? पशु डाक्टर कहाँ लैजाने अथवा डाक्टरलाई नै फर्ममा बोलाएर सूइ दिने । यसरी गाई भर्ना हुने प्रक्रिया पूरा हुन्छ ।

हामीसँग जर्सी र होलिस्टन गाई छन् । दुधालु जातका यिनले आठ नौ महिना दुध दिन्छन् । कोही चाहिँ अझै बढी समयसम्म पनि थाक्दैनन् । यहाँको चलन बाछी पाल्ने बाछो छाड्ने छ । अहिले गाउँतिर पनि ट्याक्टरले जोत्ने हुनाले गोरु पाल्नु मलका लागि भएको छ ।

यहाँ एउटै जग्गामा तीन परिवार छौँ । यो गाईगोठ र बस्ने ठाउँ आफैँले खर्च गरेर बनाएको हो । महिनाको नौ हजार भाडा तिर्नु पर्छ । जग्गा धनीसँगको सम्झौता अर्को वर्ष सकिन्छ । हामी सबैका आ-आफ्ना गोठ र गाई छन् । दूधको मूल्य प्रति लिटर १२० छ । कोटेश्वरमा व्यवसाय सुरु गरेको हुनाले मेरा धेरै जसो ग्राहक त्यतै हुनुहुन्छ । लोकन्थलीबाट कोटेश्वर टाढा होइन । बिहान बेलुका आफैँले मोटरसाइकलमा दूध पुऱ्याउन जान्छु ।

खर्चको कुरा सुन्नु हुन्छ भने गाईलाई खुवाउने दाना प्रतिकेजी ६० रुपैयाँ पर्छ । दूध प्याक गर्न र बाध्न लाबर अनि लगेर घरघरमा झुन्ड्याउन झोला । बाइक कुदाउन तेल । खानु लाउनु पऱ्यो । बच्चा छ, स्कुल पठाउन हालेका छौ त्यता पनि खर्चै लाग्छ । उसको चकचक थाम्न नसकेर साथीसँग घुलमिल होस्, खेलोस् भनेर नजिकैको मन्टेश्वरीमा राखिदिएका छौँ, त्यता महिनाको पाँच हजार तिर्नुपर्छ । यहाँ अफसोच मल बिक्दैन । सिजन अनुसार सागसब्जी रोप्न हुन्थ्यो तर ठाउँ नै छैन । यो व्यवसायमा यति लगाव र मिहिनेत गर्नुपर्छ नि कुनै वर्ष चाडपर्वमा घर जान पाइदैन । त्यो क्षण सम्झदा चाहिँ आफू अहिले पनि विदेशमै छु जस्तै लाग्छ ।"

'केही पाउन केही गुमाउनु पर्छ' यो भनाइ दिपेशको जीवनमा लागू भएको छ । दशैं तिहार मात्रैको कुरा होइन, अरु समय पनि सितिमिति गोठ छोडेर हिँड्न समय हुँदैन । किसानको छोरो गौ माताको स्याहारचाकरमा यसरी खटेका छन्, जीवन साथी पनि त्यही अनुसार जुराए भगवान्ले ।

बाह्रसम्मको पढाइ सकेकी अङ्किता मिठो शैलीमा प्रस्तुत भइन् । त्योभन्दा मिठो उनले पकाएको चिया थियो । खाजा खुवाइन्, उसिनेका पहाडे आलु र नुन खोर्सानीको चट्नी । थाहै नपाइ कति चाँडो तयार गरिछन् । लोकन्थली शान्ति टोलबाट भित्र सोध्दैखोज्दै पुगेकी मलाई नामजस्तै शान्त लाग्यो, ठाउँ पनि । हामीलाई दैनिक साँझमा दिपेश बाबुले दूध मात्र खुवाएका छैनन्, जतन गरेर राखेको तरबाट घिउ पनि बनाउने गरेकी छु । शायद यो दिनचर्याको हिस्सेदारी ममात्र छैन ।

देशको राजनीतिप्रति चाँसो भए पनि उनलाई होमिन समय छैन । उनी भन्छन्, "विदेश गएको पनि कमाउन नै हो र यो खटाइ पनि कमाइकै लागि हो तर एकै पटक धेरै खोज्नु भएन । आफ्नो श्रमबाट तराईमा जमिन किनेका छौँ । पछि, बिस्तारै घर बनाउने सोच छ । बच्चाको अभिभावक हुनु उसलाई असल र संस्कारी शिक्षा कसरी दिन सकिन्छ ? गहन जिम्मेवारी बोध भएको छ ।"

दिपेशका बुवा अहिले पनि कृषक नै हुनुहुन्छ । आमाबुवा गाउँमै बस्नुभएको छ । सकेको खेती गर्नुहुन्छ, नसक्ने ठाउँमा अम्लिसो र अलैँची लगाउनु भएको छ । कलेज पढ्न शहर पठाउनु भएको उहाँहरूको छोरा यति ज्ञानी र लगनशील नागरिक बनेका छन्, मेरो कलमले जति लेखे पनि वाक्य पूरा हुँदैन । जीवन भनेकै चुनौती हो । स्वभावतः अर्काको मेलामा नधाउने दिपेश र उनको परिवारलाई सधैँ आफ्नो पनमा यस्तै दिव्य जागर मिलिरहोस् ।




# हिमालय सीमापार वाणिज्य संघले मनायो रजत जयन्ती






नेपाल हिमालय सिमापार वाणिज्य संघले २५ औं साधारणसभा तथा रजत जयन्ती भव्यताका साथ सम्पन्न गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको प्रमुख आतिथ्यता तथा संघका अध्यक्ष रामहरी कार्कीको सभापतित्वमा संघले रजत जयन्ती मनाएको हो।

कार्यक्रमको समुद्घाटन गर्दै मन्त्री भण्डारीले संघलाई रजत जयन्तीको शुभकामना दिएका थिए। सो अवसरमा उनले वस्तुभन्दा जनशक्ति निर्यात राज्यलाई स्वीकार्य नभएको र त्यो रोक्नका लागि उद्योग, व्यवसाय बढाउनुपर्ने बताए।

उनले भने, 'व्यवसाय धरापमा पर्नु भनेको राज्य धरापमा पर्नु हो। जब व्यवसाय फस्टाउँछ तब मात्र राज्य फस्टाउने हो। राज्य र व्यवसायीबीचको बुझाइ सत्तामा हुँदा एउटा र सत्ता बाहिर जाँदा फरक हुने गरेको देखिन्छ। राजनीतिको यस्तो एउटा नियती नै बनेको छ। व्यवसायीलाई हेर्ने दृष्टिकोण, उद्योगीलाई हेर्ने दृष्टिकोणमा अहिले पनि विभिन्न खालका भ्रान्तिहरू छन्। वस्तु भन्दा जनशक्ति निर्यात राज्यलाई स्विकार्य छैन। त्यो रोक्नका लागि उद्योग जोगाउनुपर्छ, व्यवसाय बढाउनुपर्छ।'

साथै उनले जब नेपालको उद्योग र व्यवसाय फस्टाउँछ तब देशको अर्थतन्त्र समृद्ध हुने बताए। उनले उद्योग भएन, व्यवसाय भएन भने रोजगारी कहाँबाट सिर्जना हुन्छ ? भन्दै व्यापारीहरूलाई प्रश्न गरेका थिए। उनले भने, 'जब नेपालको उद्योग र व्यवसाय फस्टाउँछ तब देशको अर्थतन्त्र समृद्ध हुन्छ। अर्थतन्त्रमा संकुचन आएको छ। यसो भनिरहँदा उद्योगीसँग मिलेको दलाल मन्त्री भनेर पनि भन्न भ्याउँछन्। उद्योग भएन, व्यवसाय भएन भने रोजगारी कहाँबाट सिर्जना हुन्छ ? यहाँको व्यवसायले जब मुनाफा कमाउँछ। त्यसपछि पो रोजगारी सिर्जना हुने हो।'

त्यस्तै कार्यक्रम स्वागत मन्तव्य राख्दै संघका अध्यक्ष कार्कीले व्यवसायीहरूका वर्तमान समस्याका बारेमा मन्त्री भण्डारीको ध्यानाकर्षण गराएका थिए। उनले उत्तरी नाकाको भौतिक पूर्वाधारको सुधार, नाका आवातजावत गर्नका लागि पासको व्यवस्था, नेपाल तिब्बत बस सेवा सुचारु गरिनुपर्ने, चिनसँगको व्यापार विस्तारका लागि सरकारले विशेष पहल गर्नुपर्ने, भन्सार दर घटाउनुपर्ने, आयात मात्र नभएर निर्यातका लागि पनि सरकारले पहल गरिदिनुपर्ने लगायतका मागहरू मन्त्री भण्डारी समक्ष राखेका थिए।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष सन्तोष कुमार पाण्डे, उद्योग बाणिज्य महासंघका कोषाध्यक्ष भरत आचार्य, वस्तुगत तर्फका दिलसुन्दर श्रेष्ठ, कार्यसमिति सदस्य नरेशलाल श्रेष्ठ तथा सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेत, काठमाडौं उद्योग वाणिज्य संघका अध्यक्ष दिनेश श्रेष्ठ लगायतले रजत जयन्तीको शुभकामना दिदै अहिलेको कार्यसमितिले व्यवसायीहरूको हकहितका लागि गरेको कार्यको प्रशंसा गरे। साथै उत्तरी नाकाका समस्या र व्यवसायीले सामान आयात गर्दा भोग्नुपरेका विषयमा मन्त्रीको ध्यानाकर्षण गराएका थिए।



कार्यक्रममा सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई दिदै प्रमाणपत्र प्रदान गरिएको थियो। त्यस्तै संघका पूर्वअध्यक्षहरूलाई दोसल्लासहित सम्मान गरिएको थियो भने संस्थामा कार्यरत उत्कृष्ट कर्मचारी कार्यकारी प्रमुख हिमाल थापा र प्रशासनीक सहायक सुर्जे पौडेललाई सम्मानसहित मायाको चिनो प्रदान गरिएको थियो।

संघका वरिष्ठ उपाध्यक्ष गंगाबहादुर घिमिरे (सागर)ले कार्यक्रमको समापन गर्दै व्यापारीका समस्याहरूका बारेमा मन्त्रीको ध्यानाकर्षण गराएका थिए। कार्यक्रममा संघका पूर्वअध्यक्ष, सल्लाहकार संरक्षक, विभिन्न संघ संस्थाका प्रतिनिधि, उद्योगी व्यापारीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन कृति भट्टराईले गरेकी थिइन्।





एकथरी आगामी 'मे'मा एकताको महाधिबेशन गर्नका लागि सक्रिय भएर लागिरहेका छन् भने अर्काथरी आगामी 'अक्टोवरमा' नियमित महाधिबेशन गर्न जुटिरहेका छन् । जसका कारण एनआरएनए अभियानमा लागेकाहरू अहिले अन्योलमा परेका छन् ।

# एनआरएनएमा एकताको खडेरी

## महाधिवेशनको मितिमा आ-आफ्नै अडान

गैरआवासीय नेपाली संघ (एनआरएनए) भित्रको विवाद अझै टुङ्गो लाग्न सकेको छैन। एनआरएनएभित्रको विवाद अदालतमा पुगेपछि आएका भिन्न-भिन्न फैसलाले एनआरएनएको अभियानलाई दुई धारतिर अगाडि बढाएको छ।

एनआरएनएमा एकताको महाधिबेशनका लागि सबै सहमत भएता पनि कहिले र कस्ले गर्ने भन्ने विषयमा सहमति हुन नसक्दा एकता हुने संकेत देखिएको छैन। एकथरी आगामी 'मे'मा एकताको महाधिबेशन गर्नका लागि सक्रिय भएर लागिरहेका छन् भने अर्काथरी आगामी 'अक्टोवरमा' नियमित महाधिबेशन गर्न जुटिरहेका छन्। जसका कारण एनआरएनए अभियानमा लागेकाहरू अहिले अन्योलमा परेका छन्।

एनआरएनएको एकता महाधिवेशनका लागि उच्चस्तरीय समितिले महाधिबेशनको कार्यविधि पारित गर्दै एकताको केन्द्रीय महाधिवेशन आगामी मे ३ देखि ५ सम्म काठमाडौंमा गर्ने निर्णय गरेर आफ्नो सक्रियता बढाइरहेको छ। समितिले महाधिबेशन गर्नका लागि तयारी सुरु गरिसकेको छ भने छुट्टै सफ्टवेयर बनाएर सदस्यता दर्ता गरिरहेको छ। एनआरएनएका पुर्व अध्यक्ष तथा उच्चस्तरीय समितिका संयोजक डा. शेष घलेसहितको समूह अहिले विभिन्न देशमा पुगेर मेमा हुने एकताको महाधिबेशनमा सहभागी हुन आह्वान गरिरहेको छ। डा. घलेको भ्रमण टोलीमा एनआरएन अभियान्ता आरके शर्मा, विनोद कुँवर, कुल आचार्य, जानकी गुरुङलगायत सहभागी छन।

अर्कोतर्फ गैरआवासीय नेपाली संघ (एनआरएनए)को डा. बद्री के.सी.को नेतृत्वमा निर्वाचित कार्यसमितिले विश्व सम्मेलन तथा महाधिवेशन आगामी अक्टोबर ११ देखि १४ तारिखसम्म काठमाण्डौंमा आयोजना गरेकाले सबै एनसीसीलाई सोही अनुसार अगाडि बढ्न निर्देशन दिएको छ।

गैरआवासीय नेपाली संघका महासचिव गौरीराज जोशीले जारी गरेको विज्ञप्तिमा सदस्यता सम्बन्धमा, गैरआवासीय नेपाली संघको विधानअनुसार म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (एमआईएस) प्रणालीबाट स्वीकृत सदस्यता मात्रै वैधानिक हुने उल्लेख छ। उक्त प्रणालीमार्फत नै सदस्यताका लागि आवश्यक प्रक्रिया पूरा गर्न उनको अनुरोध छ। अन्य कुनै पनि अनधिकृत माध्यमबाट संकलित विवरणहरूको प्रयोगले व्यक्तिगत गोपनीयता भङ्ग हुनसक्ने, व्यक्तिगत विवरण दुरुपयोगको सम्भावना रहन सक्ने तथा गैरकानूनी गतिविधिहरूमा संलग्न हुनसक्ने जोखिम हुनसक्ने भन्दै सचेत रहन उनले चेतावनी दिएका छन्।

यसका साथै, गैरआवासीय नेपाली संघका राष्ट्रिय समितिहरू (विदेशका शाखा)को निर्वाचन र महाधिवेशनको मिति संघको विधानअनुसार, गैरआवासीय नेपाली संघका विभिन्न राष्ट्रिय समितिहरूको निर्वाचन एमआईएस प्रणालीमार्फत आगामी जुलाई २०२५ भित्र सम्पन्न गरिने र संघको १२औँ महाधिवेशन ११ अक्टोबर २०२५ देखि सुरू हुने निश्चित गरिएको उल्लेख छ।

यता उच्चस्तरीय समितिले भने आफ्ना कामहरू गरिरहेको छ। उच्चस्तरीय समितिले अदालतको निर्णयअनुसार १० औं र ११ औं अधिवेशन खारेज भइसकेको दाबी गर्दै डा. बद्री केसी नेतृत्वको समूहलाई अदालत, सरकार, परराष्ट्र मन्त्रालय र उच्चस्तरीय समितिले पनि मान्यता नदिएको दाबी गरेको छ।

उच्चस्तरीय समितिले आफ्नै गतिमा काम गर्दै अदालतको फैसला कार्यान्वयन गरेर एकताको महाधिवेशन गर्न सदस्यता वितरणको काम अन्तिम चरणमा पुऱ्याएको संयोजक डा. घलेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। समितिको विज्ञप्तिमा सर्वोच्च अदालतको फैसलालाई कार्यान्वयन गर्न निर्देशनालयले तीन पटक पत्र पठाउँदा पनि सचिवालय र एमआइएस प्रणालीमा समितिलाई पहुँच नदिनु आपत्तिजनक भएको उल्लेख छ। समितिले यस कार्यले अदालतको मानहानि भएको भन्दै

> सामाजिक भावानाले स्थापित विदेशमा रहेका नेपालीहरूको संस्था माथि जुन आशा र भरोसा थियो, यो संस्था आफैमा विवादमा फसेपछि अपेक्षाकृत काम गर्न त सकेको छैन नै आमजनमानसमा यसले आफ्नो शाख गिराइरहेको छ ।

सम्बन्धित निकायलाई जानकारी गराइसकेको पनि जनाएको छ ।

उच्चस्तरीय समितिको पहिलो बैठक बसेको ६ महिनाभित्र एकताको महाधिवेशन सम्पन्न गर्नुपर्ने अदालतको परमादेश रहेपनि सचिवालयमा पहुँच अवरुद्ध भएपछि समितिले विकल्पका रूपमा छुट्टै वेबसाइट निर्माण गरी सदस्यता वितरणको काम गरिरहेको डा. घलेको भनाइ छ । साथै, सम्पूर्ण डेटा सुरक्षित राखी पछि एमआइएस प्रणालीमा मर्ज गरिने उच्चस्तरीय समितिले सार्वजनिकरुपमै बताउँदै आएको छ ।

उच्चस्तरीय समितिले मे महिनामा एकताको महाधिवेशन घोषणा गरिरहँदा डा.केसी समुहले अक्टोबरमै नियमित महाधिवेशन गर्ने घोषणा गरेको हो । २०७८ सालदेखि जारी एनआरएनएको विवादमा सर्वोच्चले १० औँ




महाधिवेशनको आधिकारिकताका सन्दर्भमा दायर भएको रिटमा सबैलाई मिलाउने मनसायकै साथ एकताको महाधिवेशन गर्न परमादेश जारी गरेको एनआरएनए अभियन्ताहरू बताउँछन् । यद्यपि विवाद १० औँ महाधिवेशनको भएपनि ११ औँ महाधिवेशन सम्पन्न भएपछि मात्रै उक्त विवादमा सर्वोच्चको परमादेश आएको थियो । एनआरएनएको ११ औँ महाधिवेशन २०८१ कात्तिकमा सम्पन्न भएको थियो ।

डा. केसी पक्षले एकताका लागि आफूहरू तयार रहेको र अदालतलाई सम्मान गर्न पनि प्रतिबद्ध रहेको बताएको छ । तर, डा. घलेले मात्रै नभएर आफ्नो कार्यसमितिले पनि आधिकारिकता पाएकाले दुवै फैसलालाई सँगै राखेर मिलनबिन्दु खोज्नुपर्ने धारणा राख्दै आएको छ । तर, डा. घले त्यसलाई मान्न तयार देखिएका छैनन् । उनी सर्वोच्चले आफूलाई महाधिवेशन गराउन परमादेश दिएकाले अन्य आदेशको अर्थ नहुने बताउँछन् ।

डा. घलेले एकता महाधिवेशन सर्वोच्च अदालतको आदेश पुरा गर्ने विषय मात्रै नभएर दिगो तथा प्रजातान्त्रिक संस्था निर्माण गर्नका लागि दरिलो ढाँचा बनाउन पनि भएकाले विभिन्न देशमा रहेका एनआरएनसँग छलफल गरेर र सुझाव लिएर सोही अनुसार महाधिवेशन सम्पन्न गर्ने गरी अघि बढेको बताए ।

एनआरएनए आइसीसीमा देखिएको विवादमा एनसीसीहरू प्रत्यक्ष प्रभावित हुने देखिन्छन् । अदालतले फरक फरक फैसला गर्दा त्यसको ब्याख्या आआफ्नो तवरबाट गरेर अगाडि बढ्दा विश्वभर रहेका एनआरएनहरूमा अन्योलता छाएको छ ।

एनआरएनए विवाद समाधान तथा दशौँ अन्तर्राष्ट्रिय महाधिवेशनबारे परेको मुद्दामा गत चैत २१ गते सर्वोच्च अदालतबाट परमादेश बुँदा नम्बर ३९ मा उल्लेख गरिए बमोजिम संघको एकता र गरिमा कायम राख्नको लागि उच्चस्तरीय समितिको गठन र उक्त समितिको जिम्मेवारी समेत तोकेको अवस्थामा उच्चस्तरिय समितिले आफ्नो कार्य प्रारम्भ गरिसकेको उनीहरूको भनाई छ ।

अर्कोतर्फ अदालतको दोश्रो फैसलाले एनआरएनएको ११ औं महाधिबेशनलाई वैधानिकता दिएको र निर्वाचित कार्यसमितिलाई काम गर्न बाटो खुल्ला गरेकोले अगाडि बढेको जनाइएको छ । एनआरएनएका नियमित गतिविधी संचालन गरिरहेकोले आगामी अक्टोवरमा एकताको महाधिबेशन गर्ने अध्यक्ष डा. केसीको भनाई रहेको छ ।

परराष्ट्र मन्त्रालयमा दर्ता भएको एनआरएनएको विवादमा अभिभावक रहेको मन्त्रालय चुप लागेर बस्न नहुने जानकारहरू बताउँछन् । सामाजिक भावानाले स्थापित विदेशमा रहेका नेपालीहरूको संस्था माथि जुन आशा र भरोसा थियो, यो संस्था आफैमा विवादमा फसेपछि अपेक्षाकृत काम गर्न त सकेको छैन नै आमजनमानसमा यसले आफ्नो शाख गिराइरहेको छ ।

### एसिया–प्रशान्त क्षेत्रीय सम्मेलन 'संगम'ले खोजेको एकता

गैरआवासीय नेपाली संघको कम्बोडियामा सम्पन्न १० औं एसिया-प्रशान्त क्षेत्रीय सम्मेलनको मुख्य उद्देश्य एनआरएनएभित्र एकता खोज्ने र एकै ठाउँमा संगम गराउने रहेको थियो । तर, कार्यक्रमले खाजेको एकता हुन नसकेपनि सम्मेलनमा एकताका लागि राम्रो बहस भएको थियो ।

मार्च १८ देखि १९ सम्म कम्बोडियाको राजधानी नोम पेन्हमा "संगम-एकता" भन्ने नाराका साथ आयोजित सम्मेलनले एनआरएनए एकतालाई मुख्य जोड दिएको थियो । त्यसैगरी नीतिगत सुधार र संसदीय योगदानका माध्यमबाट एनआरएन र पीएनओका समस्याहरू समाधान गर्न सम्मेलनले सरकारलाई आग्रह पनि गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेको प्रमुख आतिथ्यता र कम्बोडियाका परराष्ट्र राज्य मन्त्री डा यून केहाङ, पूर्वमन्त्री पदम गिरि, पूर्वमन्त्री एकनाथ ढकाल लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरूको उपस्थितिमा सम्पन्न सम्मेलनमा विभिन्न महत्वपूर्ण मुद्दामा छलफल गरिएको थियो ।

सम्मेलनले एनआरएनए एकताका लागि सबैले आ-आफ्नो इगो त्यागेर संस्थाको लागि एक कदम पछाडि हट्न र सहकार्यका लागि सदैव तयार हुन आग्रह गरेको छ । एनआरएनएको गरिमालाई अझ उचाईमा पुऱ्याउनका लागि एकताको विकल्प नभएको सहभागीहरूले बताएका थिए ।

सम्मेलनले गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयनका लागि यथाशक्य छिटो आवश्यक कानूनी प्रबन्ध मिलाइदिन तथा गैरआवासीय नेपाली ऐन संशोधनसहित कार्यान्वयनमा ल्याउन आग्रह गरेको थियो भने पिएनओ परिचयपत्रको लागि पनि आवश्यक कानूनी प्रबन्ध र पहल गर्न नेपाल सरकारसँग माग गरेको छ ।

यस्तै विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकारको व्यवस्था मिलाउन, एनआरएन डेभलप्मेन्ट फण्ड सञ्चालनको लागि सहज



वातावरण निर्माण गर्न तथा गैरआवासीय नेपाली सम्बन्धि विषयको सुनुवाईका लागि सबै मन्त्रालय र गैरआवासीय नेपालीसहितको सल्लाहाकार बोर्ड गठन गर्न सरकारलाई आग्रह गर्दै दोस्रो पुस्ताका गैरआवासीय नेपाली तथा पीएनओ, युवा महिलालाई संघको मुलधारमा समाहित गर्दै विदेशमा रहेका बालबालिकाहरूलाई नेपाली भाषा, लिपी, संस्कार र संस्कृति सिकाउने कार्यका लागि संघले प्रतिबद्धता जाहेर गरेको छ।

वैदेशिक रोजगारमा रहेका नेपालीको सुरक्षित भविष्यका लागि आवश्यक संयन्त्र बनाई सामाजिक सुरक्षा कोष कार्यान्वयनसहित त्यसको निरन्तरता सुनिश्चितता गर्न तथा विदेशमा भएका तथा वैदेशिक रोजगारबाट फर्किएका नेपालीहरूको ज्ञान, सीप, प्रविधि र अनुभव नेपालको सर्बाङ्गिण विकासमा योगदान हुने ठाउँमा लगाउन आवश्यक संयन्त्र निर्माणको लागि पनि सम्मेलनले सरकारसँग आग्रह गरेको छ।

नेपाल र कम्बोडियाबीच धार्मिक पर्यटकीय सञ्जाल निर्माण, सिधा हवाई उडान, वृहत्तर बुद्ध सर्किटको निर्माणमा साझेदारीको सम्भावनाबारे भएको छलफलले मुर्त रुप लिने अपेक्षा लिएको जनाउदै संघले नेपाललाई विश्वस्तरीय पर्यटन गन्तव्यको रूपमा स्थापित गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गर्न पनि आह्वान गरेको छ।

यस्तै संघले आगामी अक्टोबर ११ देखि १४ मा हुने गरी तय भएको संघको १२ औं अन्तर्राष्ट्रिय महाधिवेशनलाई सहयोग र सहकार्य गर्न सम्पूर्ण एनसीसीहरूमा अपील गर्दै त्यसअघि जुलाई महिना सम्ममा एनसीसीको राष्ट्रिय महाधिवेशन सम्पन्न गरि सक्न पनि आग्रह गरेको छ।

सम्मेलनमा ३० देशका तीन सय भन्दा बढी प्रतिनिधिहरूको भौतिक तथा भर्चुअल सहभागिता रहेको थियो। आगामी ११ औं एसिया प्यासिफिक सम्मेलन एनसीसी चीनले गर्ने पनि सो अवसरमा जानकारी गराइएको थियो।


सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# अष्ट्रेलियाको क्यानबेरामा ‘नेपाल महोत्सव–२०२५’




अष्ट्रेलियाको राजधानी क्यानबेरामा आयोजित ‘नेपाल महोत्सव-२०२५’ भव्यरुपमा सम्पन्न भएको छ। नेपाली कला संस्कृति, पहिरन, खानाको परिकार र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य राखेर आयोजित महोत्सवले राजधानी क्यानबेरा नेपालमय बनेको थियो।

कमनवेल्थ पार्कमा आयोजित महोत्सव सुरु हुनुअघि निकालिएको प्रभातफेरी नगर परिक्रमा गर्दै कमन्वेल्थ पार्कमा आइपुगेर टुङ्गिएको थियो। पञ्चेबाजासहित निकालिएको प्रभातफेरीमा लाखे नाच र कुमारी नाच प्रस्तुत गरिएको थियो।

सो अवसरमा अष्ट्रेलियाका लागि नेपाली राजदूत चित्रलेखा यादवलगायत अष्ट्रेलियामा रहेका विभिन्न नेपाली संघसंस्था, नेपाली समूदाय तथा स्थानीय अष्ट्रेलियालीहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।

राजदूत यादवको प्रमुख आतिथ्यमा भएको औपचारिक कार्यक्रममा अष्ट्रेलियाली सरकारका अर्थमन्त्री केटी गालागार, केन्द्रीय सांसद डेभिड स्मिथ, कूटनीतिक नियोगका प्रमुखहरू, अष्ट्रेलियन क्यापिटल टेरिटोरी राज्य सरकारका बहुसांस्कृतिकमन्त्री माइकल पेटरसन र यातायातमन्त्री क्रिस् स्टिललगायत उच्चपदस्थ अधिकारीको उपस्थिति थियो।

महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रमसहित नेपाली कला संस्कृति झल्काउने प्रदर्शनी, नेपाली खानाका स्टल, बालबालिकाहरूका लागि चित्रकला राखिएको थियो।

नेपाली पहिचानलाई विश्वमाझ पुऱ्याउने अभियानका रूपमा सन् २००९ देखि गैरआवासीय नेपाली संघ अष्ट्रेलियाले नेपाल महोत्सव आयोजना गर्दै आएको अध्यक्ष अनिल पोखरेलले बताए।

अष्ट्रेलियाका लागि नेपाली राजदूत यादवले क्यान्बेराको नेपालीले राम्रो गरिरहेको र नेपाली समुदायले नेपाल र नेपालीलाई गर्वको महसुस गराएको बताए।



# राष्ट्रिय वाणिज्य बैंक र सिंजा गाउँपालिकाबीच समझदारी

## ‘किसान सरल कर्जा’ कार्यक्रम सञ्चालन गर्ने



राष्ट्रिय वाणिज्य बैंक र सिंजा गाउँपालिका, जुम्ला, कर्णालीबीच किसान सरल कर्जा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी प्रारम्भिक सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र सिंजा गाउँपालिकाका अध्यक्ष पूर्णबहादुर धितालले एक कार्यक्रमकाबीच हस्ताक्षर गरेका छन्।

सम्झौता पश्चात कुनै कृषि व्यवसायमा आबद्ध १८ वर्षदेखि ६५ वर्ष उमेर सम्मका नेपाली नागरिक वा कानूनी रुपमा दर्ता भएका कृषि व्यवसायमा संलग्न फर्म वा कम्पनीले गाउँपालिकाको सिफारिससहित कर्जाको लागि आवेदन दिन सक्नेछन्।

बैंकले कृषि कर्जा निर्देशिका अनुसार लगानी गर्ने यो कर्जा आवधिक र चालुपुँजी दुबै प्रकृतिको हुनेछ। यो कर्जा ग्रेस अवधिसहित अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिने छ।

बढिमा १० लाख रुपैंयासम्म प्रदान गरिने किसान सरल कर्जामा आधार दरमा ०.५० प्रतिशत प्रिमियम जोडी ब्याजदर निर्धारण गरिने छ र गाउँपालिकाले आफ्नो कोषबाट ऋणिलाई एक प्रतिशत ब्याज अनुदान दिने छ। हाल बैंकको आधार दर ५.४४ प्रतिशत रहेको छ।

यो कर्जा लगानी पश्चात कृषि उपजको व्यवसायिक उत्पादन भई स्वरोगारमा बृद्धि हुने, आयआर्जन बढ्ने, आयात प्रतिस्थापन हुने तथा गाउँपालिकाको नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ।

बैंकले हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २९४ वटा शाखा कार्यालय, ७२ वटा एक्सटेन्सन काउन्टर, ३१२ वटा एटिएम र ९९ वटा शाखारहित बैंकिङ्ग मार्फत आफ्ना सेवाग्राहीलाई सेवा प्रदान गरिरहेको छ।

# ‘सरिना जी ट्रेड’ले हस्तान्तरण गऱ्यो इभी ट्याक्सी



सरिना जी ट्रेड प्रालिले नेपाल ल्याएको नयाँ विद्युतीय ट्याक्सी इभीइजीको बुकिङ खुला भएसँगै हस्तान्तरण सुरु गरेको छ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा र सहकारी तथा गरिबी निवारण मन्त्री मधुकुमार श्रेष्ठको उपस्थितीमा आयोजित एक विशेष समारोहकाबीच सरिना जी ट्रेडका संचालक राजु श्रेष्ठले बुकिङ गरिएका इभी ट्याक्सी हस्तान्तरण गरेका हुन।

जेएमइभी ब्रान्डको ४१ लाख ५० हजार रुपैयाँ पर्ने उक्त ट्याक्सीलाई १ लाख १ हजार रुपैयाँ भुक्तानी गरि बुकिङ खुला गरिएको थियो। जेएमइभीको सेडान कार जीएसइलाई हालै जगदम्बा मोटर्स अन्तर्गतको शौर्य अटोमोबाइल्सले लन्च गरेको थियो। लगत्तै सरिना जी ट्रेडले यसको ट्याक्सी भर्सन नेपाल ल्याएको हो।

इभीइजी ट्याक्सीमा ४९ किलोवाट आवरको ब्याट्री प्याक र ९९ किलोवाट क्षमताको मोटर जडान गरिएको छ। सिंगल चार्जमा यसले ४३० किलोमिटर रेन्ज दिने दाबी गरिएको छ। यसको अधिकतम टर्क २२५ एनएम तथा पावर १३४.६ पिएस छ।

एसी र डिसी दुबै चार्जर सपोर्ट गर्ने यस इभीलाई डिसी फास्ट चार्जरको सहायतामा ३० मिनेटभित्रै ३० देखी ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ। साथै, एसी चार्जरले नौं घण्टा र डिसी चार्जरले एक घण्टा १५ मिनेटमा फुल चार्ज गर्न मिल्छ। कम्पनीले यसको ब्याट्रीमा आठ वर्ष अर्थात एक लाख ५० हजार र मोटरमा तीन वर्ष अर्थात ६० हजार किलोमिटर वारेन्टी दिएको छ।

यस ट्याक्सीको लम्बाई ४६७५ एमएम, चौडाई १८३५ एमएम र उचाई १४८० एमएम तथा ह्विलवेश २७५० एमएम छ, भने ग्राउन्ड क्लिरियन्स १७० एमएम दिइएको छ। साथै यसमा फ्रन्ट ह्विल ड्राइभ सिस्टम उपलब्ध गराइएको छ।

आधुनिक डिजाइन दिएर आकर्षक लुक्समा तयार पारिएको यस ट्याक्सीमा डुअल जोन एसी, रिजेनेरिटिभ ब्रेकिङ, तीनवटा ड्राइभी मोड, प्रोजेक्टर हेड ल्याम्प, किलेस इन्ट्रि, ट्याक्सन कन्ट्रोल जस्ता फिचर राखिएको छ।

साथै, यसमा क्रुज कन्ट्रोल, इलेक्ट्रिक पार्किङ ब्रेक, टायर प्रेसर मोनिटर सिस्टम, ४१० लिटरको बुट स्पेस, कोलिजन सेन्सिङ अटोमेटिक अनलक, मल्टि फंक्सन स्टेरिङ ह्विल, आईपी ६७ वाटर प्रुफ ब्याट्री प्याक र थ्री-वे ड्राइभर एन्ड प्यासेन्जर सिट एड्जस्टमेन्ट जस्ता बिशेषता छन्।

सेफ्टि फिचर अन्तर्गत यसमा दुईवटा एयरब्याग, इबिडी ब्रेकिङ सिस्टमसहितको एबिएस, अटो होल्ड, हिल असिस्ट कन्ट्रोल, रियर पार्किङ सेन्सर र एन्टि पिन्च विन्डो ग्लासलगायत छन्।

# सिटी एक्सप्रेसद्वारा बम्पर विजेतालाई उपहार हस्तान्तरण

## २०८२ सालको क्यालेन्डर पनि सार्वजनिक





सिटी एक्सप्रेस मनि ट्रान्सफरले “१८औं वर्षमा १८ गुणा, परिवारमा खुशी लाखौ गुणा” योजनाको उपहार एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरेको छ।

कोरियामा कार्यरत निराजन ढकालले जि मनि ट्रान्स मार्फत सिटी एक्सप्रेसमा आमा निर्मला तिवारीलाई रेमिट्यान्स पठाउदा उक्त योजना अन्तर्गत आफुले पठाएको रकमको १८ गुणा गरी रु ७,५४,३६२ जित्न सफल भएका थिए। सोही रकम उनकी आमा निर्मला तिवारीलाई हस्तान्तरण गरिएको छ। उक्त कार्यक्रममा चर्चित हास्य कलाकार तथा सिटी एक्सप्रेसका ब्राण्ड एम्बेसडर जितु नेपालको पनि उपस्थिती रहेको थियो।

सोही योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना २ जनालाई सामसुङको स्मार्ट फोन, हरेक हप्ता २ जनालाई सामसुङको स्मार्ट टि भी साथै ९० दिन लगातार हरेक दिन १८ जना विजेताहरूलाई जनही रु ५०० को सिटी पे वालेट टप् अप् र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले आफुले पठाएको रकमको १८ गुणा बढी रकम पाउने योजनामा रहेको थियो।

जसअन्तर्गत १६२० जनाले दैनिक उपहार (रु ५०० को वालेट टप् अप), २४ जनाले साप्ताहिक उपहार (सामसुङको स्मार्ट टि भी) र ६ जनाले मासिक उपहार (सामसुङको स्मार्ट फोन ) जित्न सफल भईसकेका छन्।

सोही कार्यक्रममा सिटी एक्सप्रेस मनि ट्रान्सफरले २०८२ सालको क्यालेन्डर पनि सार्वजनिक गरेको छ। हरेक बर्ष नयाँ नयाँ बिषय वस्तुलाई समावेश गरेर क्यालेन्डर प्रकाशन गर्ने सिटी एक्सप्रेसले यस बर्ष भने आर्थिक सम्बृद्धिको बिषय वस्तुमा क्यालेन्डर तयार पारेको छ।

सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिट्यान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १८ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ। हालै सिटी एक्सप्रेस मनि ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ साथै सिटी पे बाट रेमिट्यान्स भुक्तानी पनि गर्न सकिन्छ।

# सिटिजन्स बैंकको ‘टपअप र फोनपे डाइरेक्ट गरौं, बम्पर जितौं’ अभियान सुरु

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले फोनपे र एफवान सफ्टसँगको सहकार्यमा ‘टपअप र फोन पे डाइरेक्ट गरौं, बम्पर उपहार जितौं’ भन्ने नयाँ अभियान सार्वजनिक गरेको छ। यस अभियानअन्तर्गत ग्राहकहरूले आकर्षक उपहारहरू जित्ने अवसर पाउनुका साथै बम्पर उपहार स्वरुप आइफोन १६ प्राप्त गर्न सक्नेछन्।

यस अभियानको मुख्य उद्देश्य डिजिटल कारोबारलाई प्रवर्द्धन गर्दै बैंकको मोबाइल बैंकिङ सेवाको प्रयोग बढाउने रहेको बैंकलले जनाएको छ। यस अभियानमा सहभागी हुन ग्राहकहरूले सिटिजन्स स्मार्ट मोबाइल बैंकिङ एपमार्फत कम्तीमा एक सय रुपैयाँको मोबाइल टपअप र कम्तीमा पाँच सय रुपैयाँको फोनपे डाइरेक्ट कारोबार गर्नुपर्नेछ। यी कारोबार पूरा गर्ने ग्राहकहरू साप्ताहिक तथा बम्पर उपहारका




लागि योग्य बन्नेछन्। यस अभियानअन्तर्गत हरेक हप्ता सय जना भाग्यशाली विजेताले एक सय रुपैयाँको मोबाइल टपअप प्राप्त गर्नेछन्।

त्यसैगरी, अभियानको अन्त्यमा एक भाग्यशाली ग्राहकलाई नयाँ आइफोन १६ प्रदान गरिनेछ। यो अभियान चैत १ गतेदेखि चैत ३१ गतेसम्म सञ्चालन हुनेछ। सिटिजन्स बैंकले आफ्ना सम्पूर्ण ग्राहकहरूलाई यस अभियानमा सहभागी भई रोमाञ्चक उपहार जित्ने अवसर लिन अनुरोध गरेको छ।

सिटिजन्स बैंकले देशैभरि ६० जिल्लामा फैलिएका आफ्ना १९९ वटा शाखा, १६६ वटा एटिएम, तीन विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ इकाइहरूबाट ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।

# प्रभु बैंकद्वारा मुक्तिनाथ मन्दिरमा ‘भीम युपिआई’ सेवा शुभारम्भ

प्रभु बैंक लिमिटेडले मुस्ताङ्ग जिल्लाको प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ मन्दिर परिसरमा भीम युपिआई सेवा शुभारम्भ गरेको छ। नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यतामा प्रभु बैंकले उक्त भीम युपिआई सेवा शुभारम्भ गरेको हो।

उक्त सेवाको सुरुवातसँगै अब भारतका नागरिकहरूले आफ्नो बैंक खाताबाट भीम युपिआईमार्फत क्युआर स्क्यान गरी मुक्तिनाथ मन्दिरमा भेटी, दान, दक्षिणा तथा अन्य भुक्तानी गर्न सक्ने भएका छन्।

यसले मुक्तिनाथ मन्दिरमा आउने भारतीय भक्तजनहरूलाई डिजिटल माध्यमबाट सरल, सुरक्षित र सहज भुक्तानी गर्ने सुविधा प्रदान गर्नुका साथै नेपाल-भारत वित्तीय सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास गरिएको बैंकले जनाएको छ।

साथै, यो सेवा क्रस-बोर्डर (सीमापार) डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्ने महत्वपूर्ण प्रयास भएको तथा यसले भारत र नेपालको वित्तीय सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरेको बैंकले जनाएको छ।

सो अवसरमा राष्ट्र बैंकका कार्यकारी निर्देशक गुणाकर भट्ट, निर्देशक मुक्ती सापकोटा, नेपाल राष्ट्र बैंक पोखरा प्रादेशिक कार्यालयका प्रमुख दीपक राज लामिछाने, प्रभु बैंक गण्डकी प्रदेश प्रमुख राजु राना मगर, स्थानीय प्रशासन, मन्दिर व्यवस्थापन समिति, धार्मिक गुरुहरू, बैंकका उच्च पदाधिकारी तथा अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।



राष्ट्र बैंकका गभर्नर अधिकारीले भीम युपिआई सेवाको शुभारम्भले डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्दै वित्तीय समावेशनलाई बलियो बनाउने उल्लेख गरे। उनले भक्तजनहरूका लागि यो प्रविधि सुरक्षित, पारदर्शी र सरल हुने विश्वास व्यक्त गर्दै डिजिटल भुक्तानीलाई सर्वसुलभ बनाउन विभिन्न सचेतना कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए।

गभर्नर अधिकारीले नेपाल राष्ट्र बैंकले ‘डिजिटल नेपाल’ अभियानलाई प्राथमिकता दिँदै आएको र यस्ता नविनतम प्रविधिहरूको प्रवर्द्धनमा निरन्तर प्रतिबद्ध रहेको बताए। उनले डिजिटल भुक्तानी प्रविधिलाई नेपालभर सर्वसुलभ बनाउने तथा वित्तीय पहुँचलाई विस्तार गर्ने दिशामा राष्ट्र बैंकले आवश्यक नीति तथा कार्यक्रमहरू अघि बढाउने उल्लेख गरे।

बैंकले देशभर ७७ वटै जिल्लामा ३१२ शाखा तथा ६७ एक्सटेन्सन काउन्टरमार्फत सेवा प्रदान गरिरहेको छ।

# हिमालयन बैंक र सामाजिक सुरक्षा कोषबीच सम्झौता




हिमालयन बैंक लिमिटेड र सामाजिक सुरक्षा कोषबीच बैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई सहज रुपमा सामाजिक सुरक्षा कोषमा योगदानका लागि रकम जम्मा गर्ने सेवा प्रदानका लागि सम्झौता भएको छ।

बैंक तथा कोषबीच भएको यस सम्झौता अनुसार योगदानकर्ताहरूले हिमालयन बैंकमा खाता खोली यस बैंकले प्रदान गर्दै आएको हिमाल रेमिट, मोबाइल बैकिङ्ग वा कार्ड मार्फत सहज रुपमा सामाजिक सुरक्षा कोषमा योगदानका लागि रकम जम्मा गर्न सक्नेछन्। यसरी योगदानकर्ताहरूले योगदान गरेको रकम सोही दिन कोषको उक्त खातामा जम्मा हुने व्यवस्था गरिएको छ।

यस सम्झौता पत्रमा बैंकका तर्फबाट बैंकका नायव प्रमुख कार्यकारी अधिकृत उज्जल राजभण्डारी र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सामाजिक सुरक्षा कोषका तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारीले बैंक तथा कोषका अन्य कर्मचारीहरूको उपस्थितिमा हस्ताक्षर गरेका थिए।

# हार्दिक आईभीएफमा निःशुल्क 'आईयुआई' सेवा

हार्दिक आई.भी.एफ सेन्टर सिनामंगलले चैत १० गतेदेखि निःशुल्क इन्ट्रायुटेरिन इन्सेमिनेसन (आई.यु.आई.) सेवा सुरु गरेको छ। यससम्बन्धी निःशुल्क सेवा २०८२ वैशाख ३१ गतेसम्म चल्ने छ।

आर्थिक समस्याका कारण उपचार नपाएर सन्तान सुखबाट बञ्चित दम्पतीलाई लक्षित गरी नयाँ वर्षको अवसर पारेर निःशुल्क आई.यु.आई. सेवा सुरु गरिएको हार्दिक आई.भी.एफ सेन्टरले जनाएको छ।

HARDIK IVF and Fertility Center

बाँझोपनको उपचारका लागि आई.यु.आई. प्रभावकारी उपचार प्रद्धति मानिन्छ। यो पद्धतिमा विशेष विधिबाट तयार पारिएका शुक्रकिटलाई महिलाको पाठेघरभित्र राखिने भएकाले गर्भधारणको सम्भावना धेरै रहने चिकित्सकहरू बताउँछन्। पुरुषमा शुक्रकिटको संख्यामा कमी भएमा वा कमजोरी भएमा, अस्पष्ट बाँझोपनको समस्या भएमा र महिलाको प्रजनन समस्या भएमा आई.यु.आई उपचार पद्धति प्रभावकारी मानिन्छ।

नेपालमा आई.यु.आई. उपचारको औसत खर्च १५ देखि २० हजारसम्म पर्ने भएपनि हार्दिक आई.भी.एफ. सेन्टर सिनामंगलले निःशुल्क गर्न लागेको हो। आई.यु.आई.उपचार गर्दा गर्भधारणको सफलता दर २० देखि २५ प्रतिशतसम्म रहने विश्वास छ।

शिविरमा हार्दिक आईभीएफका अनुभवी डाक्टरहरूले निःशुल्क परामर्श र प्रारम्भिक स्वास्थ्य परीक्षण गरी आई.यु.आई. उपचार प्रदान गर्नेछन्।

सिनामंगलस्थित हार्दिक आई.भी.एफ सेन्टर क्रिस्टल कम्प्लेक्समा सञ्चालन हुनेछ। आई.यु.आई सेवा लिन चाहनेले ०१५९१७९८२ वा ९८०२३५२८११ र ९७०९१३९१८० मा फोन गरी नाम दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ। अग्रिम नाम दर्ता गराउनेलाई मात्र यो निःशुल्क सेवा उपलब्ध गराइने आई.भी.एफ सेन्टरले जनाएको छ।

# नबिल बैंकका पाँच भिसा कार्डवाहकले जिते भिसा कार्ड इन्टरनेसनलबाट उपहार

भिसा कार्ड इन्टरनेसनलले २०८१ सालको दशैंलाई लक्षित गरी सञ्चालन गरेको 'बेस्ट २५ भिसा स्पेन्डर क्याम्पियन'मा नबिल बैंकका पाँच जना भिसा कार्डवाहक परेका छन्।

भिसा कार्डमार्फत सबैभन्दा बढी खर्च गर्ने कार्डवाहकहरू शीर्ष २५ मा परेका हुन्। जसमध्ये  भाग्यशाली विजेता बन्न सफल ५ जनाले एक जोडीका लागि विदेश भ्रमणको दुईतर्फी टिकट प्राप्त गरेकोमा बैंकले एक कार्यक्रमको आयोजना गरी विजेताहरूलाई सम्मान तथा उपहार वितरण गरेको छ।

कार्यक्रममा बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सुजितकुमार शाक्य, वरिष्ठ डेपुटी सिइओ मनोजकुमार ज्ञवाली, डेपुटी सिइओ भुपेन्द्र पाण्डे, रिटेल कारोबार प्रमुख निरज शर्माका साथ भिसा कार्ड प्रतिनिधि आशीष चक्रवर्ती लगायतको उपस्थिति थियो।

नबिल बैंकले आफ्ना सेवाग्राहीहरूलाई २६८ शाखा र ३२० एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ।

काठमाडौं, भक्तपुर र ललितपुरका
जोन क्षेत्रमा तरकारी, आलु र दुध उत्पादन बढाउन
व्यवसायिक र आधुनिक कृषिमा लगानी बढाऔं
समृद्ध र समुनत समाजको विकास गरौं।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, भक्तपुर

# ग्लोबल आइएमई बैंकद्वारा २०८२ सालको क्यालेन्डर सार्वजनिक




ग्लोबल आइएमई बैंक लिमिटेडले दशकौं पुराना नेपाली जीवनशैली झल्काउने दुर्लभ तस्वीरहरू समावेश नयाँ वर्ष २०८२ सालको क्यालेन्डर सार्वजनिक गरेको छ।

नेपाल उद्योग वाणिज्य महासंघ तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकको कर्पोरेट कार्यालय, कमलादीमा आयोजित एक समारोहबीच नयाँ वर्ष २०८२ को क्यालेन्डर सार्वजनिक गरेका हुन।

क्यालेण्डरमा दशकौं अघिका नेपाली जीवनशैली, रहनसहन र परम्परागत अभ्यासलाई कैद गरिएका दुर्लभ तस्वीरहरू समावेश गरिएको छ।

क्यालेन्डर सार्वजनिक गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वलाई पूरा गर्दै विभिन्न सामाजिक कार्यहरू गर्दै आएको बताए।

विगतका वर्षहरूमा क्यालेण्डरमा नेपाली कला र संस्कृतिसम्बन्धी विषयहरू प्रकाशन गर्ने गरेको स्मरण गराउँदै उनले भने, 'नेपालको सर्वाङ्गिण विकासका लागि हामीले नेपाली कला, साहित्य, संस्कृति र सभ्यतालाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक छ। ग्लोबल आइएमई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यहरूलाई निरन्तरता दिँदै आएको छ।'

कार्यक्रममा बैंकको सञ्चालक समिति, उच्च व्यवस्थापनलगायत बैंकका कर्मचारी तथा विभिन्न व्यक्तिहरूको उपस्थिति रहेको थियो।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय सूचक अनुसार मुलुककै सबैभन्दा ठुलो वाणिज्य बैंक हो। बैंकले देशका ७७ वटै जिल्ला तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क/वैदेशिक प्रतिनिधि कार्यालय सहित १,१०० भन्दा बढी सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ।

यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

---

# कृषि विकास बैंकको मोवाईल एपमा अब नयाँ 'एडीबीएल पे' फण्ड ट्रान्सफर

कृषि विकास बैंकले आफ्नो मोवाईल बैंकिंगमा रकम भुक्तानीका लागि नयाँ सुविधा एडीबीएल थप गरी संचालनमा ल्याएको छ।

बैंकले विभिन्न समयमा ग्राहकको माग र आवश्यकतालाई मध्यनजर गरी विभिन्न सेवाहरू बैंकको एडीबीएल स्मार्ट प्लस मोवाईल बैंकिंग एप मार्फत प्रदान गर्दै आईरहेको छ। यसै सन्दर्भमा बैंकले नेपाल पेमेन्ट सोलुसन्ससंगको सहकार्यमा फन्ड ट्रान्सफर तथा वालेट लोड सुविधा संचालनमा ल्याएको हो।

बैंकको मोवाइल बैंकिङ एप एडीबीएल स्मार्ट प्लस मार्फत ग्राहकहरूले रकम ट्रान्सफर गर्न सक्नेछन्। जसका लागि रकम प्राप्त गर्नेको मोबाइल नम्बर वा सम्वन्धित बैंकको खाता नम्बर र खातावालाको नामसहित रकम प्रविष्ट




गरेर ट्रान्सफर गर्न सकिन्छ।

यस सुविधाबाट बैंक खाता र वालेटहरूबीच हुने डिजिटल रकम ट्रान्सफर कारोबार छिटो, सहज र सुरक्षित रुपमा गर्न सकिने बैंकले जनाएको छ। रकम ट्रान्सफरका लागि दुई तरिकाबाट भुक्तानी गर्न सकिने सुविधा रहेकोमा पहिलोमा प्राप्तकर्ताको बैंक खातासँग जडान भएको मोबाइल नम्बर प्रयोग गरी सजिलै रकम भुक्तानी गर्न मिल्ने र दोश्रो तरिकामा रकम प्राप्तकर्ताको बैंकको नाम र खाता विवरण प्रविष्ट गरेर सजिलै रकम ट्रान्सफर गर्न सकिनेछ। यसैगरि ग्राहकहरूले कुनै शुल्क बिना विभिन्न वालेटहरूमा समेत रकम जम्मा गर्ने सुविधा समेत यस सेवामा रहेको बैंकले जनाएको छ।

# दुई लाखको भेस्ट

**कतिका घडी, कतिका मोवाइल र कतिका लुगा हराउन थाले। कन्ठेको जुत्ता तीन दिनदेखि हराएको छ। नरेश र पिर्केले आफ्नो मोजा हराएको सुनाए। 'मेरो त एक जोर गन्जी र कट्टु हराएको छ। अब कसलाई कम्प्लेन गरुँ ?', धामी जेठाले भनेथ्यो।**



युवराज नयाँघरे

'लाइन बसौँ लाइन !'

एउटा जुँगे कड्केर करायो।

'ढिलो नगरौँ त !'

ऊ फेरि चम्केर करायो।

त्रिभुवन विमानस्थलको पूर्वी चौरमा एउटा टोली छ। मलेसिया उड्न तयार भएको जत्था।

ओमकार, आइतबहादुर, इकबाल, रोहन, छिरिङ, दिलबहादुर लाइनमा बसे। त्यसपछि कन्ठे, जगतलाल, हीरारत्न र नारानसिंह पनि थपिए लाइनमै।

जुँगेले सबैलाई सरर हेर्‍यो।

अनि फेरि उच्च स्वरले करायो- 'अहिले हामी पच्चीस जनाको टोली छ। अर्को टोलीमा पनि त्यति नै संख्यामा छन्।'

'तपाईंहरूको कागजात सब मिलिसक्यो। भित्र पस्दा अनुशासित हुनु होला। क्वालालाम्पुरमा लिन आउने कम्पनीका बोससँग कुनै तर्क वितर्क नगर्नु होला। उसले एयरपोर्टबाट सरासर लगेर दुई दिनसम्म क्वाटरमा राख्ने छ। अनि फटाफट काम गर्नु होला।'

'त्यसपछि त खल्तीभरि डलरै डलर !'

उसका कुरा ध्यान दिएर सुन्यो कन्ठेले। पछाडिका साथीहरूले खुसखुस गरिरहेथे। उसले फर्केर भन्यो- 'भुँडीमा चुर्ना परेकाहरू। एकछिन चुप लाग्न सक्तैनौ तिमीहरू।'

'पछि अर्काको देशमा गएर केही सिकिन्न। याँ नै सुनेर जाऔँ न।' तर कन्ठेका कुरा कसले सुन्ने ? खलबल अझै थपियो।

रातिको एघार बजे जहाज उड्छ भनेका थिए। त्यसैले टोलीलाई साँझको ६ बजे नै विमानस्थल पुर्‍याइयो।

त्यहाँ अर्को बोके दार्‍ही काटेको तन्नेरीले अझै धेरै कुरा बतायो।

'जहाजभित्र ज्ञानी भएर बस्नुहोला। जथाभावी कुराकानी नगर्नु होला। खाने, पिउने सबै हामीले मिलाइदिएका छौँ।'

'कम्पनीले अरु सबै व्यवस्था मिलाएको छ भन्नु कसैले सोधपुछ गरिहाले। धेरै कुरा बुझ्नु परे-कम्पनीको यो कागज देखाइदिनु होला।'

बोके दार्‍हीले फेरि सम्झायो।

पुलिस, चेकिङ सबै काम सकेर रातिको साढे एघार बजे जहाज उड्यो।

कन्ठेले जहाजमा केही पनि खाएन। एकमहिनादेखि काठमाडौँ बसेपछि ऊ मलेसिया उड्न पाएको थियो।

किन-किन उसलाई मन रमाएर हो कि खाना खानै मन लागेन।

उसको छेवैमा छिरिङ थियो। उसैले कोट्याएर भन्यो- 'किन केही नखाएको नि ?'

'सेन्तेरेम खाने हो त ?'

उसले जिस्कायो।

कन्ठेले टाउको हल्लाएर भन्यो- 'होस्, मन छैन। मन रमाउने गरी पछि खाउँला नि। अहिले तल ओर्लेर के-के बोल्नुपर्ने हो।'

उज्यालो हुन-हुन लाग्दा जहाज ओर्लियो मलेसिया। उनीहरूको टोली बाहिर एउटा कुनामा थुप्रियो। अरु दुई घन्टापछि अर्को टोली पनि आइपुग्यो।

कन्ठेले सबैलाई हेर्‍यो।

आएका सबैको नाम ऊ जान्दैनथ्यो। धेरैले घरको कथा, श्रीमती, बालबच्चाका कुरा पनि सुनाइसकेका थिए।

नरेश, महन्ते, मीनराम, प्रभुजी, हरिदत्त, पिर्के, बेखाराम र हरहर महादेव आइसकेका थिए। दयानन्द, सेवकप्रसाद, आङकर्मा, गोफ्ले र धामी जेठा पनि टोलीमा थिए।

'गोफ्ले आइपुगेछ। योसँग मेरो कुरा मिल्छ। मेरो र उसको धेरै कुरामा मन मिल्छ। दुःख मिल्छ, सुख मिल्छ। सबै मिलेपछि शरीर अलग हुँदा नि के फरक पर्‍यो र ?'

कन्ठे एकाएक रमायो उसलाई देखेर।

त्यो दिनभरि उनीहरूको टोली त्यत्तिकै बस्यो एयरपोर्टमै। कोही पनि आएनन्। भोकै परे उनीहरू।

'किन लिन नआएका होलान् ?'

'के ताल हो यो ?'

'कम्पनीले हामी कामदार आउने थाहा पाएन र ?'

'यसरी बिचल्ली पार्न पाइन्छ ?'

टोलीमा यस्ता प्रश्न उठ्न थालिसकेका थिए। यता-उता गर्दै सबै केटाहरूले दिन त कटाए। अब उनीहरूका अनुहारमा एउटै प्रश्न उदाउन थालेको थियो- 'कतै रात पनि यहीँ पो बित्ने हो कि ?'

गोफ्लेले त भन्यो पनि- 'भोकै रात बिताउन त गार्‍हो हुन्छ। मसँग अघि जहाजमा दिएको पाउरोटीको चार पिस छ। आज यसैले भुँडी

उकासौँ केटा। यता लुसुक्क आइज।'

उनीहरूले ओल्टो-कोल्टो परेर पाउरोटी खाए- मुखको थुकले नरम पारेर। भोक कति धेरै लागेको थियो भने- नजिकैका रुखका हाँगाहरूका पात पनि लाछ्लुछ पारेर खाइदिन मन लागेको थियो।

तेस्रो दिन टोलीले होहल्ला गऱ्यो।

'किन कम्पनीको मान्छे हाम्लाई लिन नआएको ?'

'हाम्रो काम खोइ ?'

'हाम्रो काम गर्ने फ्याक्ट्री खोइ ?'

'हामीलाई नेपालबाट पठाउने मेनपावर किन सम्पर्कमा आइरहेको छैन ?'

यी प्रश्न गाइँगुइँ उठ्न थालेका थिए। प्रश्न एकपछि अर्को उठे पनि उत्तर दिने कसले ? यो परदेशमा उत्तर दिने कुनै संस्था, समाज वा व्यक्ति नहुँदा सबै अत्तालिएका थिए।

साँच्चि, अब के होला ?

हो, अब भोलिका दिनमा के पो होला ? कसो गरी बाँच्ने होला ? के गरी जीवन चलाउने होला ?

पाँचौ दिनमा पुलिसको एउटा ठूलो गाडी आयो। त्यसमै हालेर टोलीलाई शहरभित्र लग्यो। कहाँ लग्यो, कति परसम्म लगेको हो, किन लगेको-केही थाहा भएन कसैलाई पनि।

सबैका मुख अँध्यारा थिए।

सबैले प्रश्न मात्र गरिरहेथे। उत्तर कसैसँग एकथोपो थिएन। के भइरहेको हो-कसैलाई कुनै जानकारी पनि छैन।

तर सबैलाई एउटा सन्तोष थियो- सबै माथि एकै खालको आपत आइपरेको छ। जम्मैलाई एउटै विपत्ति आएको छ भने एकै पाराले झेलुँला यो आँट र विश्वास सबैलाई थियो।

पुलिसले एउटा ठूलो हलजस्तै कोठामा कोचेर राख्यो। पचास जना नेपाली तन्नेरी पसिना चुहाएर काम गर्न पुगेथे। तर अहिलेसम्म उनीहरूको कुनै काम, दाम हात परेको थिएन।

एक महिनापछि टोलीमा खबर फैलियो- 'हामीलाई पठाइएको कामको चिठी नक्कली रहेछ।'

'फेक डकुमेन्ट' भएकाले सबै बिचल्लीमा परेथे।

कहिले भात मात्रै, कहिले पानी मात्रै, कहिले एउटा पाउरोटी, कहिले एकमुठी चिउरा- यस्तै गरी बाँच्न थाल्यो टोली।

सबैका आँखा बोल्थे, ओठ चुपचाप थिए। बोली हराएका थिए। आवाज घाँटीमुनि दबिएका थिए। सबै आँसुले नुहाइरहेका थिए। मौन र विपत्तिमा सबैका छाती ढुकढुकिएका थिए।

'लौन के गरी बाँच्ने होला ?'

गोफ्ले र कन्ठे आपसमा कुरा गर्थे।

टोलीले के थाहा पायो भने- दाल, चामल, तरकारी कुनै धार्मिक संस्थाले दिइरहेको छ। त्यसैलाई एकै ठाउँमा खिचडी जस्तो पकाएर उनीहरूले खान पाइरहेका छन्।

एकमहिना पुरै एउटै कोठामा उनीहरू कोच्चिए। अब त त्यहाँ पनि नारा, जुलस हुन थाल्यो।

अस्ति एक दिन साँझमा पुलिस आएर चार-पाँच जनालाई थप्पड हानेर गयो। तिमीहरू नै गलत छौ, नबुझी किन आएको त ? पुलिसले यसै भनेथ्यो रे।

राति-राति पो समस्या हुन थाल्यो। दिउँसो त एक अर्काका अनुहार हेर्ने र आशा गर्थे। अब त राति तिनै साथीहरू नै अविश्वासिला लाग्न थाले।

कतिका घडी, कतिका मोवाइल र कतिका लुगा हराउन थाले। कन्ठेको जुत्ता तीन दिनदेखि हराएको छ। नरेश र पिर्केले आफ्नो मोजा हराएको सुनाए।

'मेरो त एक जोर गन्जी र कट्टु हराएको छ। अब कसलाई कम्प्लेन गरुँ ?'

धामी जेठाले भनेथ्यो।

'अनि तिमी त जोखना पनि हेर्छौ क्यारे। यसो हेर न।'

प्रभुजीले भनेथ्यो।

'भात खाने चामल छैन। जोखना के गरी हेर्नु ?'

उसले उत्तर दियो।

करीव दुई महिनापछि सरकार, नागरिक समाज र अनेक संघसंस्थाको सहयोगमा उनीहरू रित्तै घर फर्के। आएदेखि नै कन्ठे त बिरामी पऱ्यो। ऊ घरको भित्तोमा एउटा भेष्ट हेरिरहन्छ। २ लाख तिरेर ऊ मलेसिया गएथ्यो। जाँदा यही भेस्ट लगाएर गएथ्यो। कन्ठेको कमाइ यही हो- दुई लाखको भेस्ट।


## बेलबारी नगरपालिकाको अनुरोध

- आफनो आम्दानीको वैद्यता सुनिश्चित गरौं।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं।
- समयमै कर तिरी जरिवानाबाट बचौं।
- करको चर्चा घरघरमा गरौं।
- हामीले तिरेको कर हाम्रै लागि।

**बेलबारी नगरपालिका**
मोरङ, कोशी प्रदेश, नेपाल

# म जन्मेको किन ?

**कसैले आफ्नो राजनीतिक दल त्याग्ने, कसैले विदेशको सुख त्याग्ने, कसैले आर्थिक उपार्जनको घेरा त्याग्ने, कसैले राजनीति नै गर्दिन भन्ने सोच त्याग्ने, कसैले देश दोहन गरेर सम्पन्नता हासिल गर्ने कुबिचार त्याग्ने।**



शम्भु सुस्केरा

'प्रश्न हो की जवाफ हो जीवन ?'

अचानक कुनै साथीले तपाईलाई यो प्रश्न सोध्यो भने के जवाफ दिनुहुन्छ ?

'दुवै हो वा केही पनि होइन।' यस्तो जवाफ आउला वा अरु कुनै।

यो प्रश्नपछि आफूलाई प्रश्नकारुपमा हेर्नुहुन्छ की जवाफका रुपमा ?

जीवनलाई प्रश्नकै रुपमा हेर्नुभयो भने आफैँलाई प्रश्न गरेर जवाफ खोज्न थाल्नुहुनेछ। वा वेवास्ता गरेर यसलाई बिर्सेर सामान्य रुपमा जीवनचर्या सुरु गर्नुहुनेछ।

'ओइ भन त तँ जन्मेको किन र केका लागि बाँचेको ?'

अब चाहिँ केही तनाव र केही गम्भीर बनाउन सक्छ कसैले तपाईलाई यो प्रश्न गर्‍यो भने।

या त तपाईले यो प्रश्नलाई वास्ता गर्नुहुन्न खितिति हाँसेर हावामै उडादिनुहुनेछ। यसो हो भने तपाईसँग यो विषयमा बहस नहुन सक्छ।

तर तपाईलाई यो प्रश्नले अलिकति झकझक्यायो भने म किन जन्मेको होला ? भनेर आफैँप्रति प्रश्न गर्नुहोला।

जन्मिन त जन्मेँ तर हिजै वा अघि नै मरिन आज पनि बाँचिरहेको छु। किन बाँचीरहेकोछु त। के काम गर्न बाँकी छ मैले। यसरी पनि सोच्न सक्नुहुनेछ वा नसोच्न पनि सक्नुहुन्छ।

तर यसरी सोच्नुभएन भने आफनो देशप्रति चिन्तन वा चिन्तारहित मानव हो तपाई। देश, राष्ट्रियता, विकास, समृद्धि भनेर बोल्नु ढोँग मात्र हुनेछ।

तर मलाई लाग्छ तपाई यो प्रश्नबाट भाग्ने ठाउँ नै छैन। किन कि प्रश्नकर्ता, जवाफदाता र कार्यान्वयनकर्ता तपाई आफैँ हो।

यदी भाग्नु नै भयो भने पनि भाग्ने ठाउँ भनेको गैह्रजिम्मेवारी केन्द्र मात्रै हो। म यो धरतीमा आएको किन ? म रहेको किन ? हरेक नागरिक आफैँले यो प्रश्न आफूलाई गर्ने र जवाफ खोज्ने दिनको पर्खाइमा छ यो देश र आजको पुस्ता।

त्यसैले तपाई घोत्लिनुहुनेछ मलाई मेरो ईश्वरले किन पठाए ? के अह्राएका छन् मलाई ? म किन आफूलाई अह्राएको कुरा बुझिरहेको छैन ?

त्यसोभए उनले अह्राएको कुरा कसरी बुझ्ने ? नबुझ्दा र नगर्दा के हुन्छ ??

कारण खोज्नुहुनेछ आफू हुनु त्यो पनि नेपालमै हुनुको। नेपालमै जन्मिनुको कारण के हो भनेर ?

म किन मनाउँछु आफू जन्मेको दिन ? जन्मेकैमा मात्र खुशी हुने हो वा जन्मनुको कारण बुझेर गन्तव्यमा हिँडेको खुशीमा जन्म दिन मनाउने हो ? यो दुईको भेद थाहा पाउनुपर्छ कि ?

थाहा छ हामीलाई कि म के के गर्न आएको हुँ। के के गरिसकेर वा नसकेरै कहिले जानुछ। केही गर्न नसकी जान्छु कि देशका लागि गरेरै जाने भाग्यमानी हुनेछु।

किन आएको ? के के गरिसकेर जानेछस्। जाने मिति र गर्ने काम नतोकेर

किन पठाए। केका लागि खटाए यो थाहा छैन वा थाहा पाउने कोशिस गरेनौं।

आफ्नो आकाश र धरतीप्रति केही दायित्व हुन्छ ? आफूलाई नाम दिने, पहिचान दिने आकाशप्रति कुनै जिम्मेवारी पुरा गर्नु छ ? मान्छेहरू र नेपाली मान्छेहरूमाथि कुनै कल्याण गर्नु छ ?

समग्रमा माटो र मान्छेहरूका लागि केही गुनिलो काम गर्नु आवश्यक छ। हेरौं त वरपर। हेरौं जमिन र सोधौं त निलो आकासलाई ? आँखा बन्द गरेर आफूले मनाउने शिव वा सामाजिक उत्तरदायित्वको शिवलाई सोधौं त ? कसैले बुद्धलाई सौधौं। कसैले फाल्गुनानन्दलाई सौधौं। कसैले पारुहाङलाई सोधौं। जिसस वा आफ्ना कुनै पनि आस्थाका देवतालाई सोध्न सकिनेछ।

किन म आएँ के गरी जानुछ भनेर। आँखा बन्द गरेर घोत्लिँदा केही जवाफ भेटिन्छ ?

भेटिन्छ भने तपाईले सोचिसक्नुभयो होला कि आफू बाँचिरहँदा समाजले खोजोस् आफू मरेर जाँदा सम्झना गरिरहुन् मानिसले। के यही हो सफलता। यस्तै जीवनलाई सफल जीवन मान्न सकिन्छ ? यसरी सोच्ने र गर्ने भयो भने बन्दैन र देश ?

आफू र देश दुवै सफल बनाउने हो भने, शिरमा देश राख्नुपर्छ सपनामा विदेश होइन। देशमै इलम गरेको सन्तानप्रति गर्व गर्नुपर्छ, विदेशमा नोकर भएको सन्तानप्रति होइन।

आफ्ना सन्तानलाई काखैमा राख्ने हो भने पाखैमा राख्ने हो भने आँखैमा राख्ने हो भने तपाईको पुस्ता, मेरो पुस्ता र आजको पुस्ताले त्याग गर्नैपर्छ।

कसैले आफ्नो राजनीतिक दल त्याग्ने, कसैले विदेशको सुख त्याग्ने, कसैले आर्थिक उपार्जनको घेरा त्याग्ने, कसैले राजनीति नै गर्दिन भन्ने सोच त्याग्ने, कसैले देश दोहन गरेर सम्पन्नता हासिल गर्ने कुबिचार त्याग्ने।

त्याग नगरी त मानिसको शरीर पनि स्वस्थ्य हुँदैन। स्वादिलो खानपिन छाडेर पोसिलो र गुनिलो खानेकुरा खानुपर्छ भने देश बनाउन एकपुस्ताले एक युग त्याग गरे पुग्छ। त्यसपछि कैयौं पुस्ताका लागि सहज बन्नेछ देश र जीवन।


## चैनपुर नगरपालिकाको अनुरोध

- आफनो आम्दानीको वैधता सुनिश्चित गरौं।
- स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गरौं।
- वस्तु वा सेवा खरिद गर्दा बिल लिने-दिने बानी गरौं।
- कर तिरी नगर विकास कार्यमा सहभागी बनौं।
- समयमै कर तिरी जरिवानाबाट बचौं।
- करको चर्चा घरघरमा गरौं।
- हामीले तिरेको कर हाम्रै लागि।

**चैनपुर नगरपालिका**
संखुवासभा, कोशी प्रदेश




रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com




# 'मदहोस'ले श्रोताको गजलको प्यास मेट्ने आशा छ



• हरिराम पौडेल

*आँफैलाई विर्सिएछु मदहोस नशा चढे पछि*
*लुकी लुकी फेरि उहि लोभी आँखा गडे पछि*

नशा चढे पछि मान्छेले अरुको त के कुरा आँफैलाई विर्सन्छ, आँफूलाई विर्सने मात्र होइन आँफूले के गर्दैछु, के बोल्दैछु, के सोच्दैछु सब विर्सन्छ। त्यसैले नशाजन्य पदार्थको सेवन तथा प्रयोग समाजमा बर्जित छ र पनि मान्छे नशाको पछि लागिरहन्छ। यी गजलका शेरहरूमा भने नशाजन्य पदार्थको सेवनले होइन प्रेयसीको सुन्दरता, उनको मोहकता, मादकता अनि उनी प्रतिको प्रेमिल भावको नशाको चर्चा रहेको छ। साच्चै उनको प्रीतको नशा, उनको मृदु मुस्कानले चढेको नशा सायद बिहानको शितल बतास जस्तै होला, जसले मनमा एक अनौठो अनुभवको अनुभूति दिन्छ। त्यो नशा सराबी नशा भन्दा पनि गहिरो हुन्छ, मधुर हुन्छ, मोहक हुन्छ अनि त्यो नशाले छुट्टै माधुर्य र मीठास दिन्छ।

*रहस्यका कुरा थिए किताबका पाना भित्र*
*सबै कथा उदाङ्गियो किताब नै पढे पछि*

रहस्य त्यति बेलासम्म मात्र रहस्य बन्छ जवसम्म त्यो रहस्य खोतलिदैन, खोतलिए पछि त्यो रहस्य रहदैन। किताबका पानासँग मान्छेको मन जोड्न खोजेको अनुभूति हुन्छ गजलको यो शेरले। कसै प्रतिका भाव मनमा राखिरहदा मात्र त्यो रहस्य हुने हो जव मनका भावहरू कसैसँग बाँढिन्छ तव त्यो रहस्य उजागर हुन्छ, छताछुल्ल हुन्छ। कुनै रहस्य रहस्यमा नै राख्दा रमाइलो हुन्छ तर प्रीतको रहस्य उनी सामू खोल्दा रमाइलो, उनीसँग बोल्दा रमाइलो अनि उनले रहस्य बुझे पछि उब्जने उनको प्रेमिल भाव रमाइलो।

*उज्यालोको खोजी गर्दा निशा भित्र रुमल्लिएँ*
*प्रतिविम्व संग आफ्नै ठोक्किएर लडे पछि*

खोजि उज्यालोको थियो तर उज्यालो खोज्दा घोर अन्धकार भित्र रुमल्लिनु पर्दाको पिडा कस्तो होला ? खोजि सुखको थियो दुःखै दुःखको सागरमा डुब्दाको अवस्था कस्तो होला ? खोजि मिलनको थियो विछोडको भुमरीमा रुमल्लिनु पर्दाको अवस्था कस्तो होला ? आफ्नै प्रतिविम्वसँग ठोक्किएर लड्दा कस्तो होला ?

गोविन्द आर्याल 'श्रृंखला'का गजलका शेरहरूले यस्तै भाव बोलेका छन्। उनका गजलका यी शेरहरू पछिल्लो समय नेपाली सुगम संगीतमा छाइरहेकी चर्चित गायिका बबिना भट्टराईको स्वर तथा संगीतमा सार्वजनिक भएको छ। गजलको भिडियो बबिना भट्टराईको अफिसियल युट्युव च्यानलबाट र इमेज एफ.एम. ९७.९ को प्रस्तुति 'मेचीदेखि महाकाली सम्म' मार्फत गजल सार्बजनिक गर्दै गजलकार 'श्रृंखला'ले आफ्ना गजलका शेरहरूलाई बबिना भट्टराईले निकै मेहनतका साथ स्वर तथा संगीत दिएकीले गजल 'मदहोस' श्रुतिमधुर बनेको बताएका छन्।

भिडियोमा बबिना आफै फिचर्ड भएकी छिन्। बाद्यवादन समुहसँग बाद्यवादनसहित स्टेजमा रहेर गजल गाइरहेको भिडियोले गजलको महफिलको अनुभूति गरेको दर्शकहरूले प्रतिक्रिया दिएका छन्। ए.जे. अजुको छायाँकंन र निर्देशनमा तयार भएको 'मदहोस' गजलको भिडियो अनिल बिष्टले कलर र सम्पादन गरेका छन्। प्रिया नगरकोटीले श्रृङ्गारसहित उपेन्द्र लिम्बु हारमोनियम, दिपक

सापकोटा तवला, जय विके गितार तथा केशव विके फ्ल्युट रहेर बबिनाको गायनलाई महफिलमय बनाएका छन् ।

आफ्नो भर्खरै सार्वजनिक भएको गजल 'मदहोस' बारे गजलकार गोविन्द आर्याल 'श्रृंखला' भन्छन् 'साहित्यमा रुचि थियो, मेरो पहिलो कविता २०४१ सालमा महेन्द्रनगरको स्थानीय पत्रिकामा प्रकाशित भयो । त्यसपछि मलाई एक किसिमको ऊर्जाको सञ्चार भयो । मैले हरेक हप्ता कविता लेख्न थाले र प्रकाशित पनि भइरह्यो, स्नातक अध्ययन गर्दा भानु जयन्तीको अवसरमा हाम्रो कलेजले कविता प्रतियोगिता राखेको थियो त्यसमा म प्रथम भए । यो कुरा २०४६ साल तिरको हो । २०५५/५६ तिर धनगढीको माहौल गजलमय थियो यही सेरोफेरोमा म पनि गजल लेखन तिर ढल्के । २०६४ मा पहिलो गजल संग्रह पुस्तक प्रकाशित भयो ।'



उनले भने 'जहाँ सम्म 'मदहोस' गजलको सन्दर्भ छ यो गजल मैले करिब ६ वर्षअघि लेखेको थिएँ । मान्छेको अन्तरमनमा भावनाका छालहरू कसरी उर्लिन्छन् यसको आभास स्वयं मान्छेलाई नहुँदो रहेछ । गजल कम्प्युटरमा थियो । एक दिन एउटा कार्यक्रममा गायिका तथा संगीतकार बबिना भट्टराईजी संग भेट भयो, सोहि भेटमा गजलको प्रसङ्ग चल्यो, मसँग पनि लेखेर राखेका प्रसस्तै गजल रहेको कुरा भयो, अलि विस्तृत चर्चा र गजल रेकर्डको चाँजोपाँजोको सन्दर्भमा कुरा गर्न मैले वहाँलाई एक दिन मेरो कार्यालयमा निम्ता गरे, वहाँ आएर दुई तीनवटा गजल हेर्नु भयो र यसैलाई छनोट गर्नु भयो । २०८१ भदौ तिरको कुरा हो यो । करिब १ महिना पछि लय तयार भयो, मैले सुनें, राम्रो लाग्यो । अब यसैलाई रेकर्ड गर्ने निधो भयो र अरेन्जर मनोहर सुनामलाई जिम्मा दिइयो । यति गर्दा सम्म ३/४ महिना बितिसकेको थियो । पौष अन्तिम साता गजल रेकर्ड भयो । गजल स्टेजमा बसेर श्रोताले सुन्ने किसिमको भएकोले भिडियो पनि त्यसै किसिमको बनाएको हो । यौटा फरक किसिमको गजलको स्वाद आउने गजल निर्माण होस् भन्ने मेरो चाहना थियो । धेरै हदसम्म मेरो चाहना त्यो गजलले 'मदहोस'ले पूरा गरेको छ । यो गजलले श्रोतालाई गजलको प्यास मेट्न केही हदसम्म सहयोग पुऱ्याउँछ भन्ने मेरो विश्वास रहेको छ ।'

गायिका तथा संगीतकार बबिना भट्टराई 'मदहोस' सार्वजनिक भएको खुसी साट्दै भन्छिन् 'गोविन्द अर्याल 'श्रृंखला'को गहिरो भाव बोकेको यो गजललाई यहाँहरू सबैले मन पराइदिने अपेक्षा राखेकी छु, गजल सुनेर तथा हेरेर गजलको बारेमा आफ्नो अमुल्य सल्लाह, सुझाव दिन पनि मेरा दर्शक तथा श्रोताहरूलाई अनुरोध गर्दछु साथै यस गजलको श्रृजनामा जोडिने सम्पूर्ण टिमप्रति आभार व्यक्त गर्दछु ।'






# ‘अञ्जिला’को मुनाफाबाट एञ्जिलाको घर बनाइने

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र ‘अञ्जिला’बाट प्राप्त हुने मुनाफा उनकै घर निर्माणमा प्रयोग गरिने निर्माता प्रेमकुमार श्रेष्ठले बताएका छन् ।

कप्तान सुब्बालाई इलामदेखि काठमाडौँ ल्याएर विभागीय टोली सशस्त्र प्रहरी बलमा फुटबल खेलाएका निर्माता श्रेष्ठले ‘अञ्जिलाको आफ्नै घर’ अभियान सञ्चालन गरेका छन् । उनले भने, “यस चलचित्रबाट प्राप्त सम्पूर्ण मुनाफा अञ्जिलाको घर निर्माणमा लगाउने छौँ । नेपालमा प्रदर्शनबापत आउने रकम र त्यस अगाडि हङकङ, बेलायत र दक्षिण कोरियामा गरिएको विशेष प्रदर्शनीबाट संकलन भएको रकमले हामीले देखेको सपना पूरा हुनेमा विश्वस्त छौँ ।”

उनी कप्तान सुब्बाको धर्मपिताका रुपमा परिचित छन् । गत फागुन २९ गते होलीलाई लक्षित गर्दै प्रदर्शन सुरु भएको चलचित्रले आक्रामक व्यापार गरिरहेको वितरक करण श्रेष्ठले जानकारी दिएका छन् ।

चलचित्रमा कप्तान सुब्बासँगै प्रेमकुमार श्रेष्ठ, सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, सुमीन गुरुङ, बुद्धि तामाङ लगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्र निर्माणमा तुबेन्द्र लिम्बू, विनोद अग्रवाल, राजेश बगडियाले सहकार्य गरेका छन् ।

# ‘फिल्म ‘कर्मा’ले आमा चरित्रको परम्परागत बुझाइ तोड्नेछ’

अभिनेत्री सरिता गिरीले चलचित्र ‘कर्मा’ले आमा चरित्रको ट्यागलाइन नै परिवर्तन गरिदिने दाबी गरेकी छन् । अहिले आमाको चरित्र भन्नेबित्तिकै जुन इमेज दर्शक र चलचित्रकर्मीको दिमागमा आउँछ, त्यसलाई ‘कर्मा’मा रहेको आमाको चरित्रले मेटाइदिने उनको भनाइ छ ।

आमाको चरित्र भन्नेबित्तिकै चलचित्रमा सामान्य हुने गरेको र बुझाइ पनि त्यस्तै रहेको गिरी भन्छिन् । यो भाष्य ‘कर्मा’ले बदलदिने उनको भनाइ छ । आफूले अहिलेसम्म थुप्रै चलचित्रमा आमाको क्यारेक्टरमा काम गरे पनि ‘कर्मा’मा भनेर फरक खालको चरित्र रहेको उनको दाबी छ ।

‘कर्मा’मा सरिता गिरी विपीन कार्कीको आमाको भूमिकामा छिन् । चलचित्रमा विपीन र सरितासँगै उपासना सिंह ठकुरी, मुकुन भुसाल, दिब्यदेब, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मालागायतको पनि



अभिनय रहेको छ ।

नयाँ वर्ष २०८२ को छेको पारेर चलचित्र ‘कर्मा’ आगामी चैत २९ गते रिलिज हुँदैछ । नेपाल र विदेशमा यो चलचित्र एकसाथ प्रदर्शन हुनेछ । ‘कर्मा’ ड्रामा, सस्पेन्स र एक्सन जनरामा निर्माण भएको छ । सौरभ चौधरीले निर्देशन गरेको सिनेमाको कथा पनि स्वयं निर्देशक चौधरीकै रहेको छ ।

यो चलचित्रमा भाष्कर स्वाँरको संगीत निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन र निमेष श्रेष्ठको सम्पादन छ । तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको सिनेमामा समीर मियाको भिएफए, उत्तम न्यौपानेको ब्याकग्राउण्ड स्कोर, शाहिल खानको टिजर-ट्रेलर, विजय बाश्यालको पब्लिसिटी डिजाइन र राजेन्द्र मोक्तान कलरिस्ट रहेका छन् ।

आर्टिस्टिक इनटरटेनमेन्टको प्रस्तुति रहने ‘कर्मा’ मा वसन्त लम्सालको लगानी रहेको छ । आर्टिस्टिक इनटरटेनमेन्टले निर्माण गरेको यो पहिलो सिनेमा हो । निर्देशक चौधरीको ‘अगस्त्यः च्याप्टर १’ले दर्शक र समीक्षकको राम्रो प्रतिक्रिया पाएको थियो ।



# निफमा 'शाम्बाला' उत्कृष्ट

आठौँ  नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) मा मिन बहादुर भाम निर्देशित चलचित्र 'शाम्बाला'ले उत्कृष्ट गौतम बुद्ध अवार्ड जितेको छ। त्यस्तै, फिल्म 'आँखा'ले उत्कृष्ट राष्ट्रिय फिचर फिल्म अवार्ड हात पारेको छ।

उत्कृष्ट निर्देशक तर्फ 'पुजार सार्की' बाट निर्देशक दिनेश राउत घोषित भए। त्यस्तै, उत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र 'पुजार सार्की'बाट अञ्जना बराइलीले र उत्कृष्ट अभिनेतातर्फ 'आखाँ'बाट आर्के मेहताले हात पारे।

त्यसैगरी, राष्ट्रिय फिचर फिल्म अवार्ड छायांकार राजेश श्रेष्ठले जितेका छन्। उत्कृष्ट राष्ट्रिय चलचित्र लेखन अवार्ड जौन योञ्जनले पाएका छन्। त्यसैगरी, भारतीय चलचित्र 'रूक्मिणी'ले डङ्की आट्य अवार्ड मञ्जुश्री अवार्ड (एआई फिल्म अवार्ड) अर्जेन्टिनाको चलचित्र 'द अविस्' ले पाएको छ।

उत्कृष्ट सर्ट फिल्म डिरेक्टर अवार्ड निशान खत्रीको चलचित्र 'अ बिटनेस' ले पाएको छ भने, 'माउन्ट एभरेस्ट अवार्ड' बेल्जियमको 'मेल्टिङ स्नु' ले पाएको छ। यस वर्ष 'बागमती अवार्ड' स्पेनको चलचित्र 'लुसिया जि रोमेरो' ले पाएको छ।

लक्ष्मण सुवेदी निर्देशित चलचित्र 'सतिदेवी'ले उत्कृष्ट फिचर फिल्म अवार्ड पाएको छ। त्यस्तै, उत्कृष्ट राष्ट्रिय डकुमेन्ट्री फिल्म अवार्ड सुविना श्रेष्ठको 'देवि', अडियन्स चोइस अवार्ड डकुमेन्ट्री तर्फ चलचित्र 'गल्स रि राइटिङ डेस्टिनि', उत्कृष्ट सर्ट चलचित्र अवार्ड र राष्ट्रिय सर्ट फिल्म अवार्ड निराजन राज भेटवालको चलचित्र 'द विटनेस ट्रि' ले पाएको छ।

काठमाडौँमा भएको निफ महोत्सवमा ४० देश का ८७ फिल्म प्रदर्शन भएका थिए।

# 'जन्ते बाख्रो' जेठ २३ मा

अभिनेता सौगात मल्ल, आशिफ शाह र अभिनेत्री गरिमा शर्माको मुख्य भूमिका रहेको चलचित्र 'जन्ते बाख्रो' आगामी जेठ २३ गतेबाट प्रदर्शनमा आउने भएको छ।

निर्माण पक्षले चलचित्रको फर्स्र्लुक सार्वजनिक गर्दै आगामी जेठ २३ गतेबाट प्रदर्शनमा आउने जानकारी दिएको हो।

सिमोस सुनुवारको निर्देशनमा निर्माण भएको चलचित्रमा सौगात, आशिफ र गरिमासँगै रमा थपलिया, लोकेन्द्र लेखक, कमल देवकोटा, विशाल पहाडी, रुशा न्यौपाने, कुसुम शर्मा, स्नेहा जोशी, समापिका गौतम, कुशल गजमेर लगायतका कलाकारहरूको अभिनय रहनेछ।

मुईन इन्टरटेनमेन्टको प्रस्तुति रहने 'जन्ते बाख्रो' सामाजिक कमेडी कथावस्तुमा निर्माण भएको छ। प्रदीप भारद्वाजको कथा, पटकथा र संवाद लेखन रहेको चलचित्रको निर्माता सन्तोष गौतम हुन्।

जे देखियो

# आन्दोलनका नाममा अराजक गतिविधि

पूर्वराजा ज्ञानेन्द्र शाहलाई तेस्रो पटक श्रीपेच लगाइदिने अभियानमा लागेको समूहले गत चैत्र १५ गते गरेको आन्दोलनको घटनाले नेपालमा बंगलादेशमा भएको आन्दोलनको झल्को दिएको छ।

राजावादी र गणतन्त्रवादीको प्रर्दशन रहेको उक्त दिन एकथरी नेपालमा राजा ल्याउने भनेर आन्दोलन गरिरहेका थिए भने अर्काथरि राजसंस्था कदापि ल्याउन नदिने भन्दै विरोधसभा गरिरहेका थिए।

तर राजावादीको प्रर्दशनमा प्रहरीले एकाएक अश्रु ग्यास प्रहार गर्दा आन्दोलन अराजक गतिविधिमा मोडियो र सरकारले राजावादीको लागि प्रर्दशन गर्न तोकेको तीनकुने क्षेत्रमा सुरु भयो खुलेआम रुपमा आगजनि, तोडफोड, लुटपाट र बन्यो रणमैदान।

प्रदर्शन उग्र बन्दा एकजना पत्रकारसहित दुई जनाको ज्यान समेत गएको थियो भने सयौ सर्वसाधारण र प्रहरी घाइते भएका थिए।



पर्वत विश्वकर्मा

त्यसबेला प्रदर्शनकारीले जुन गतिविधि देखाए त्यो एकदमै अराजक थियो। त्यहाँ राजसंस्था पुर्नस्थापन गर्ने समुहभन्दा बढी चोरी, लुटपाट गर्ने समुहको सकियता बढी देख्न सकिन्थ्यो। यसले अर्बौंको क्षति गरायो।

आन्दोलनका नाममा तिनकुनेका विभिन्न संस्था, व्यवसायीक भवन, भाटभटेनी सुपरमार्केटदेखि लिएर जडिबुटीस्थित जडिबुटी प्रशोधन केन्द्रमा समेत आन्दोलनकारीको नजर पुग्यो। भवनका सिसाहरू फुटाएर ध्वस्त बनाए, आगो लगाए त्यति मात्रै नभएर कोटेश्वरको भाटभटेनी सुपरमार्केटमा खुलेआम लुटपाट गरे। यस्तो गतिविधिले आम नेपालीको छबिलाई नै धमिलो बनाइदियो। यस्ता अराजक गतिबिधी बारे सबैले एकपटक मनन गर्न जरुरी छ।

हुनतः सरकारकै कमजोरीका कारण यो घटना घटेको भन्दा पनि फरक नपर्ला। पर्याप्त सुरक्षा व्यवस्था कायम गर्न नसक्दा र एकाएक कार्यक्रम स्थलमा अश्रु ग्यास प्रहार गर्दा नै प्रदर्शनले उग्र रुप लिएको हो। तर जे नहुनु थियो त्यो भयो आन्दोलनका नाममा यतिसम्म अराजकता देखाउनु एकदमै निन्दनीय कार्य हो र सरकारले पनि जुन किसिमले आन्दोलकारीमाथि गरेको व्यवहार छ त्यो एकदमै गलत छ। आन्दोलनका नाममा जुन धनजनको क्षति भयो त्यसको जिम्मेवारी कसले लिने ? आगामी दिनमा आन्दोलनका नाममा यस्ता गलत गतिविधिहरू नदोहोरिउन् यसमा सरकार पनि सचेत हुन जरुरी छ र आन्दोलन गर्ने जनता पनि।



# उपभोक्ता हकको रक्षा गरौं ।

- प्रत्येक उपभोक्तालाई वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ ।

त्यसैले

- उपभोक्ता हकको बारेमा सचेत बनौं ।
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

Grab the
# GREAT OPPORTUNITY

CHOOSE YOUR BEST UNIVERSITY OR COMPANY



GCD
## GROUP OF COMPANIES
PROVIDING SOLUTIONS

CALL US FOR DETAILS
+977 14112217
+971 45916169

MAIL US FOR DETAILS
job@gcdworldwide.com

# तेह्रौं वर्षको यात्रामा हाम्रो अवस्था

**३४**
जलविद्युत आयोजना

**२**
सौर्य ऊर्जा आयोजना

**१**
अन्तरदेशिय प्रशारण लाईन

**३**
ऊर्जा सम्बन्धि कम्पनी

**५२**
अर्बको स्वीकृत लगानी

**५२**
अर्बको स्वीकृत लगानी

**२६**
अर्बको पुँजीकोष

**३९६३**
मेगावाट विद्युत् उत्पादन योजना

**"तपाईंको आयोजना, हाम्रो लगानी"**

**हाईड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.**
नयाँ बानेश्वर, काठमाण्डौं




IME®
International Money Express
Fast, Reliable And Secure Remittance

IME pay

GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD




पुऱ्याउँछौं **खुशी**

a product of

**HBL** हिमालयन बैंक लिमिटेड **Himalayan Bank Ltd.**

www.himalayanbank.com/himalremit

टोल फ्रि १६ ६०० १११ ०००

रेमिटान्स सेन्टर, कर्पोरेट अफिस, कमलादी, काठमाण्डौ

फोन: ००९७७-१-४२५०३५४

QR SCAN FOR MORE DETAILS.

Follow us on:

himalremit

@himalremit

@himalremit